# रामधुनी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय

## झुम्का,सुनसरी

## बालबालिकाको स्थिती पत्र-२०७८

## CHILD STATUS PAPER-2078

**प्रकाशकः**

रामधुनी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी

**प्रकाशक:**

**रामधुनी नगरपालिका,नगर कार्यपालिकाको कार्यालय**

झुम्का ,सुनसरी

**संस्करण** : प्रथम, २०७७ चैत्र

**सम्पादन सल्लाहकार** :
जय प्रकाश चौधरी :नगर प्रमुख रामधुनी नगरपालिका
सबिना चौधरी: नगर उप प्रमुख , रामधुनी नगरपालिका
ओंमकार प्रसाद: न्यौपाने : प्रमुख प्रशासकीय अधिकृत, रामधुनी नगरपालिका
वडा अध्यक्षज्यूहरु/नगर कार्यपालिका सदस्यज्यूहरु

**लेखन तथा सम्पादन** :
हर्षलाल चौधरी , बालमैत्री नगर सम्पर्क व्यक्ति ( रामधुनी नगरपालिका )
बिष्णु प्रसाद चौबे , बालमैत्री स्थानीय शासन तालिम, राष्ट्रिय सहजकर्ता

**लेखन सहयोग :**
रविन कुमार ठाकुर. बालमैत्री स्थानीय शासन नगर सहजकर्ता
बालमैत्री वडा सम्पर्क व्यक्तिहरु
**सर्वाधिकार** :रामधुनी नगरपालिका ।

## पृष्ठभुमी

बालअधिकारका समग्र पक्ष (**बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता**) को प्रवर्द्धन गरी नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको अवधारणा हो । नेपालको संविधान मा भएको बालअधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार संचालन ऐन, २०७४ परिच्छेद ३ दफा १२ को ग , बालबालिका सम्बन्धी ऐन, २०७५, बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC),१९८९, नेपालको अन्य कानून, नीति तथा कार्यक्रमहरुले समेत बालअधिकारको समग्र पक्षलाई सम्वोधन गरेको छ। स्थानीय सरकारको रुपमा रहेका नगरपालिका र नगरपालिका जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भैसकेका छन् । यस सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको समग्र नीति ,कार्य पद्धति,ब्यवहार र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ।

यसै सन्दर्भमा रामधुनी नगरपालिकाले २०७५ मंसिर २८ गते देखि नै बालमैत्री स्थानीय शासन अवलम्बन गरी वडा तथा नगरपालिकामा बालमैत्री स्थानीय शासन अवधारणलाई सुनिश्चित गर्दै बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीतिमा आधारित भै आवधिक वार्षिक योजना संगै आवश्यक बजेट तर्जुमा गरी नगरले निर्धारित गरेको न्यूनतम सूचकहरु पूरा गर्ने चरणमा विविध बालमैत्री कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ।

**वि.सं. २०७३ साल फाल्गुन स्थानीय तहको पूर्नसंरचना पश्चात** साबिक रामधुनी भासी नपा १,२,३,४,६,७,८,९,१०नं.वडाहरु,बक्लौरी गाविसका र डुम्राह गाविसका १,३,४,५,६न.वडाहरु सहितको रामधुनी नगरपालिका स्थापित भए पश्चात दोस्रो नगरसभा वाट रामधुनी नगरपालिकाका ९ वटा वडा सहित सिङ्गो नगरपालिकालाई बालमैत्री नगरपालिका घोषणा गर्ने निर्णयका साथ निरन्तर बालमैत्री गतिविधिहरु अगाडि बढिरहेका छन् । जसका कारण हाल वडागत रुपमा२०७८ वैशाख ६,७,८ गते सूचकहरुको अन्तिम अवस्था मापन गरी रामधुनी नगरपालिका बालमैत्री घोषणाको अन्तिम चरणमा आइसकेको छ । घोषणा मात्रै महत्वपूर्ण नभइ यसको निरन्तरता र गुणस्तरीय बालमैत्री वातावरणको आवश्यकता महशुस गरी सिङ्गो नगरपालिकालाई बालमैत्री घोषणा पश्चात अपनाइने रणनीति र बजेट सहितको कार्ययोजना समेत तयार गरिएको छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधिमा उल्लेखित अवलम्बनका ६ वटा तहगत, कार्यान्वयनका १६ वटा तहगत खुडकिला,घोषणाका ६ वटा तह र ४० (**यस नपाको १ ओटा समेत**) वटा सूचकहरु पुरा गर्ने क्षेत्रलाई बालमैत्री क्षेत्र घोषणा गर्न सकिने व्यवस्था अनुरुप **"बालबालिकाको स्थितिपत्र (Status Paper)को तर्जुमा र सार्वजनिकीकरण"** गर्नुपर्ने भएकाले रामधुनी

नगरपालिकाको विषयगत यथासंम्भव विवरण संकलन गरी यो **बालबालिकाको स्थिती पत्र** प्रकाशन गरिएको छ ।

बालबालिकाको स्थिती पत्रमा विशेष गरी बालअधिकार र बालबालिकाको अवस्था, **बालबचाउ** अन्तरगत बालस्वास्थ्य, बालपोषण, खानेपानी तथा सरसफाइको अवस्था,नूनको प्रयोग,**बालसंरक्षण** अर्न्तगत जन्मदर्ता, बालविवाह,  निकृष्ट बालश्रमको अवस्था, बालहिंसा तथा दुर्व्यवहार,संरक्षण प्रणालिको अवस्था समेटिएको छ । **बालबिकास** अर्न्तगत बालशिक्षा, बालमैत्री स्थानीय शासन युक्त बिद्यालय , उमेर समुहको आधारमा विद्यालय भर्ना, बालसमूह र बालसमूह संजाल सम्बन्धी विवरण, बालसहभागिताको अवस्था र बालमैत्री स्थानीय शासन घोषणाका लागि आवश्यक ४०ओटा सूचकमा वडाहरुको अवस्था र उपलब्धिको विषयमा चित्रण गरिएको छ ।

बालमैत्री स्थानीय शासनका चारवटा प्रतिफलहरु मध्ये एक रहेको बालबालिकाको स्थितीपत्र तयार गर्न अनिवार्य रहेको र यसवाट नगरपालिकापमा बालमैत्री स्थानीय शासन घोषणाको चरणमा बालबालिकाहरु के कस्तो अवस्थामा रहेका छन् भन्ने कुरा थाहा पाउन सकिने हुदा यसको महत्व रहेको छ । यो स्थिती पत्रले बालमैत्री नगरपालिका घोषणाका लागि बालमैत्री स्थानीय शासन अवलम्बन र कार्यान्वयनको अवधिमा भएका कार्यहरु र प्राप्त उपलब्धि चित्रण गरिएको छ । साथै कुन सूचकमा राम्रो प्रगति भयो कुनमा कमजोरी रह्यो र अव कुन सूचकलाई प्राथमिकता दिनुपर्छ भन्ने वारेमा उल्लेख गरिएको छ । स्थितीपत्रले बालबालिकाको यथार्थ चित्रण गर्ने हुदाँ यसले योजना तर्जुमा प्रक्रियामा पनि सघाउँछ र बालअधिकारका सम्वन्धमा भए गरेका कार्यहरुको विवरण पनि सार्वजनिक हुनेछ । प्रत्येक घरधुरी सर्वेक्षण, स्वास्थ्य संस्था, विद्यालयसंग र बिषयगत शाखाहरु संग समन्वय गरी तयार गरिएको यस स्थितीपत्रले आगामी दिनमा बालमैत्री घोषणा र दिगोपनका तथा जनप्रतिनिधिज्यूहरुको कार्य सम्पादनमा समेत मार्गदर्शन गर्नेछ ।

## जिल्लाकोको नक्सा


Sunsari District
Proposed Local Level Restructuring of Sunsari District
N
Dharan UpaMaha N.P
BARAHA N.P
Ramdhuni N.P
Itahari UpaMaha N.P
Koshi Tappu Wildlife Reserve
Inaruwa N.P
Bhokraha G.P
Gadhimai G.P
Duhabi N.P
Koshi G.P
Harinagara G.P
Dewanganj G.P
Barju G.P
Legend
N.P = Nagarpalika
G.P = Gaupalika
Source: Department Of Survey, LLRC, MoFALD
Prepared by: DIDC/ DDC Sunsari
© DDC Sunsari
0 3.5 7 14 Kilometers

## रामधुनी नगरपालिकाको नक्सा



# रामधुनी नगरपालिका तथा वडाहरुको भौगोलिक अवस्थिती र जनसंख्या

## रामधुनी नगरपालिकाको परिचय

### परिचय

नेपालको संविधान २०७२ संगै प्रदेश नं. १ का १४ जिल्ला मध्ये सुनसरी जिल्लामा अवस्थित पूर्वमा ईटहरी उपमहांनगरपालिका, पस्चिममा वराहक्षेत्र नगरपालिका, उत्तरमा धरान उपमहानगरपालिका तथा दक्षिणमा इनरूवा नगरपालिका संग जोडिएर झण्डै खरायोको आकारमा ९१.६९ बर्ग कि.मि.मा फैलिएको यो नगर २०७१ साल मंसिर १६ गते नेपाल सरकारबाट रामधुनी-भासी नगरपालिकाको रुपमा घोषणा भई सोहि सालको पौष १ गते बाट नगरपालिकाको हैसियतमा विधिवत रुपमा आफ्नो कार्यारम्भ गरेको नयां नगरपालिका हो । इनरूवा र इटहरी नगरपालिकाको बीचमा रहेको तथा विगतको भादगाउँ सिनवारी र सिंगिया गा.वि.स.गरी दुई वटा गाविसलाई मिलाएर रामधुनि-भासी नगरपालिकाको रुपमा स्थापित भएको यो नगर स्थानीय तह पुनरसंरचाना आयोगको प्रतिवेदन २०७३ का आधारमा साविकका बक्लौरी गाविसका सवै र डुम्राहा गाविसका १, ३,४, ५ र ६ गरी जम्मा ५ वटा वडाहरूलाई समेत मिलाएर रामधुनी नगरपालिकाको रुपमा पुनसंरचित हुन पुग्यो । भौगोलिक अवस्थिति र स्थानीय बासिलाई सर्वसुलभ सेवा प्रवाहको हिसावले साविकका १० वटा वडामा विभाजन गरिएको यस नगरलाई प्रशासनिक सुगमता र  सेवा प्रवाहमा सहजताकालागि बर्तमानमा ९ वटा वडाहरूमा विभक्त गरिएको छ। वडागत विवरण तल दिईएको छ।

संबिधानको घोषणा पछि नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शासन पद्धतीमा पूर्ण रुपले प्रवेश गरिसकेको अवस्था छ । यसै पद्धती अनुरुप राज्यलाई संघ, प्रदेश र स्थानीय गरी तीन तहमा रहेर शासन सञ्चालनको ब्यवस्थाकासाथ क्रमिक रुपले कार्यान्विनयको चरणमा अघि बढीरहेकोछ। संविधान प्रदत्त स्थानीय तहका अधिकार क्षेत्र र स्थनीय विकासका आधारभुत क्षेत्रहरूको प्रभावकारी कार्यान्वयनको माध्यम बाट मुलुकको समृद्धिको मार्ग प्रसस्त गर्नु आम नेपालीकालागि आजको प्रमुख अभिभारा भएकोछ। यस अभिभारालाई परिणाममुखि बनाउन स्थनीय सरकारको हैसियतमा स्थनीय तहले संपादन गर्ने आर्थिक, भौतिक, सामाजिक तथा सास्कृतिक विकास र विस्तारका कार्यहरूलाई स्थानीयबासिहरूकै सहभागिता र साझेदारीमा ब्यवस्थित, प्रभावकारी र समयबद्धरुपमा वालमैत्री स्थानिय शासन नगर घोषणालाई  ब्यवस्थापनकालागि आधार तयार पर्नु अनिवार्य छ। तसर्थ रामधुनी नगरपालिकाले यथार्थ सूचनका आधारमा बालबालिकाहरुको आधारभुत अवस्था पहिचान गरी उनीहरूका चाहाना र आवश्यकता क्रमिक रुपले पुरा गर्दै यस नगरलाई बालमैत्री नगरको रुपमा बिकास गर्ने अभिारा लिएका छौं।

### भौगोलिक अवस्थिति र वडा बिभाजन

भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो नगरको समग्र भुभाग समतल छ। क्षेत्रफलको हिसावले ९१.६९ बर्ग कि.मि.मा फैलिएको यस नगरको करिव ७५ प्रतिसत भुभाग कृषि उत्पादनमा प्रयोग भईरहेको मानिएको छ। औषतमा अधिकतम तापक्रम ३६° से. तथा न्यूनतम तापक्रम १६° से. सम्म हुने गरेको यस नगरको हावापानी समशीतोष्ण रहेको मानिन्छ। शप्तकोशी नदिको वायु प्रवाह लगायत दक्षिण पश्चिमी मनसुनी हावाको प्रवाहका कारणले यस नगरमा साधारणतया जेठदेखि असोजसम्म बढी पानी पर्ने गर्दछ साथै पश्चिम दक्षिण भेगबाट बहने जलवाष्पपूर्ण हावाले हिँउदका दिनहरूमा समेत आवश्यक मात्रामा वर्षा हुने गरे्को छ। बार्षिक औषत ११०० मिलिलिटर सम्म वर्षा हुने गरेको यस नगरको भौगोलिक अवस्थिति, भु-बनावट, माटोको उर्वरता, तापक्रम र जलबायु साथै निरन्तररुपमा शप्तकोशी नदिको प्रवाहमा आधारित नगरको विच भागमा रहेको सुनसरी मोरङ् सिचाई आयोजना अन्तरगत चतारा नहर तथा यसको शाखा सञ्जाल

र स्थानीय खोला नाला साथै भुमिगत जलस्रोतको उपयोग बाट हुने सिचाई सुविधा समेतका कारण यस नगरको अधिकांस क्षेत्र कृषि उत्पादनको हव को रुपमा रहेको छ।

इनरूवा र इटहरी नगरपालिकाको बीचमा रहेको तथा विगतको भादगाउँ सिनवारी र सिंगिया गा.वि.स.गरी दुई वटा गाविसलाई मिलाएर रामधुनि-भासी नगरपालिकाको रुपमा स्थापित भएको यो नगर स्थानीय तह पुनरसंरचाना आयोगको प्रतिवेदन २०७३ का आधारमा साविकका बक्लौरी गाविसका सवै र डुम्राहा गाविसका १, ३, ४, ५ र ६ गरी जम्मा ५ वटा वडाहरूलाई समेत मिलाएर रामधुनी नगरपालिकाको रुपमा पुनसंरचित हुन पुगेको। त्रेतायुगमा रामचन्द्र बनवास बस्ने क्रममा यस नगर क्षेत्र भित्र पर्ने वर्तमानको रामधुनी नगरपालिका वडा नं. ४ मा अवस्थित बन क्षेत्रमा बास बस्ने क्रममा जाडो तथा जंगली जनावर बाट सुरक्षित रहन सखुवाको रुखका मुढाको प्रयोग गरी आगोको धुनि जगाएर बास बसेकै कारण यस ठाउंको नाम रामधुनी रहेको धार्मिक किम्बदन्ति छ। रामले धुनी बालेर आरामस्थलको रुपमा प्रयोग गरिएको भनि मानिएको करिव ३१०० बिगाहामा फैलिएको ऐतिहासिक महत्व बोकेको धुनीवन बाट यस नगरको नामाकरण समेत गरिएको यस नगरलाई भौगोलिक अवस्थितिको पर्याप्त विश्लेषण गरी स्थानीय बासिलाई प्रशासनिक सुगमता र सर्व सुलभ सेवा प्रवाहका हिसावले साविकका १० वटा वडामा विभाजन गरिएको यस नगरलाई बर्तमानमा ९ वटा वडाहरूमा विभक्त गरिएको छ। रामधुनी नगरपालिकाको बर्तमान वडागत विवरण यस प्रकार छ।

**रामधुनी नगरपालिकाका वर्तमान वडाहरूको विवरण**

| वर्तमानमा कायम भएका वडा नं. | समावेश भएका साविक गाविस र नपा | साविकमा रहेका नपा तथा गाविसका वडा नं. |
|---|---|---|
| १ | रामधुनि-भासी नपा | १ र २ |
| २ | रामधुनि-भासी नपा | ४ र ८ |
| ३ | रामधुनि-भासी नपा | ३, ६ र ७ |
| ४ | रामधुनि-भासी नपा | ९ र १० |
| ५ | रामधुनि-भासी नपा | ५ |
| ६ | बकलौरी गापा | ३, ५, ६, ७ र ९ |
| ७ | बकलौरी गापा | १, २, ४ र ८ |
| ८ | डुम्राहा गापा | ३ र ४ |
| ९ | डुम्राहा गापा | १, ५ र ६ |

स्रोतः रामधुनी नगरपालिकाको विवरण

## रामधुनी नगरपालिका

# नगरकार्यपालिकाको कार्यालय




## झुम्का, सुनसरी
## प्रदेश नं. १

पत्र संख्या:
चलानी

मितिः २०७८।०१।२७.

## मेरो भनाई

तत्कालीन सङ्घीय मामिला तथा स्थानीय बिकास मन्त्रालय द्वारा जारी बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, घोषणा कार्यबिधि २०७० र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम रामधुनी नगरपालिकामा २०७५मंसिर २८ गते देखि बालमैत्री स्थानीय शासन अवलम्बन गरिएको हो । बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता जस्ता बालअधिकारका सवाललाई स्थानीय तहको नीति, संरचना, प्रणाली, कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति नै बालमैत्री स्थानीय शासन हो । बालबालिकाको अधिकारको संरक्षण र प्रवर्द्धन गर्दै बालमैत्री स्थानीय शासनका लागि कार्यान्वयन कार्यविधिमा उल्लेख भएका ३९ सूचक र रामधुनी नगरपालिकाले थप गरेको् एकओटा सूचकमा टेकेर यस नगरपालिका कार्यालयले ९ओटै वडामा बालबालिकाको क्षेत्रमा लगानी गर्दै आइरहेको छ।

कार्यविधिमा उल्लेखित अवलम्बनको ६ तह, कार्यान्वयनका १६ ओटा तहगत खुडकिला, घोषणाको ६ तह र ४० सूचकहरुमा १८ ओटा सूचक १०० प्रतिशत,२२ओटा सूचक न्युनतम ८० प्रतिशत पूरा गर्ने क्षेत्रलाई बालमैत्रीक्षेत्र घोषणा गर्न सकिने व्यवस्था अनुरुप हाल १९ ओटा सूचक १०० प्रतिशत,२२ ओटा९७.७७ प्रतिशत सम्म हांसिल भएको छ । **"बालबालिकाको स्थिती पत्र (Status Paper)को तर्जुमा र सार्वजनिकीकरण"** गर्नुपर्ने भएकाले बालमैत्री घोषणाका लागि उन्मूख यस रामधुनी नगरपालिकाका ९ ओटै वडाले यथा सम्भव विवरण संकलन गरी यो **"रामधुनी नगरपालिकाले नगरपालिका स्तरीय स्थिती पत्र-२०७८"** प्रकाशन गरेको छ । यो **स्थिती पत्र-२०७८"** प्रकाशनले नगर भित्र रहेका जनप्रतिनिधिज्यूहरुको कार्य सम्पादनमा समेत मार्गदर्शन गर्नेछ ।

बालबालिकाको बारेमा आवश्यक सूचना तथा तथ्याङ्क उपलब्ध गराई आगामी दिनमा नपाका बालबालिकाको लागि अपनाउनु पर्ने नीति तथा कार्यक्रमको तर्जुमा गर्न सबै सरकारी तथा गैरसरकारी निकायलाई सहयोग पुग्नेछ भन्ने हामीले बिश्वास लिएका छौ । साथै प्रकाशनमा भएका कमी कमजोरी औंल्याईदिनु हुन र आगामी प्रकाशनका लागि सुझाव र सहयोग गरिदिनु हुन समेत सम्पुर्णमा अनुरोध गर्दछु ।

यस पुस्तकको लेखन, सम्पादन तथा प्रकाशनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने वडागत अन्तिम सूचक मापनमा सहभागि सरोकारवालाहरु,सूचना संकलन तथा सम्पादनमा सहयोग गर्नु हुने **वडाका सेवा प्रदायक निकायहरु, नगर उप प्रमुख सबिना कुमारी चौधरी,राजनीतिक दलहरु, सबै वडा अध्यक्षज्यूहरु,कार्यपालिकाका सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत ओंमकार प्रसाद न्यौपाने,शिक्षा शाखा प्रमुख राजन कुमार गेलाल, बालमैत्री नपा सम्पर्क ब्यक्ति हर्षलाल चौधरी ,स्वास्थ्य शाखा प्रमुख समिम अन्सारी, महिला तथा बालबालिका शाखा प्रमुख मोनाश्री आचार्य ,नपा बालमैत्री सहजकर्ता रविन कुमार ठाकुर,बालहेल्प डेक्स सम्पर्क ब्यक्ति अमन ढुङ्गेल.,नपा बालसमूह संजालको अध्यक्ष सुगम झा, बालमैत्री वडा सम्पर्क ब्यक्तिहरु, वडा सचिवहरु, बालमैत्री स्थानीय शासन तालिमका राष्ट्रिय सहजकर्ता विष्णु प्रसाद चौबे,नपा तथा वडाका कर्मचारी साथीहरुलाई धन्यवाद दिन चाहन्छु** । प्रकाशनमा सूचना उपलब्ध गराई सहयोग गर्ने सबै विषयगत शाखा, संघ संस्थाहरु, बालमैत्री स्थानीय शासन, नपा समिति, स्वास्थ्य चौकी, वडा नपा बालअधिकार समिति, वडा स्तरीय बालसमूह संजाल, बालसमूहहरु, विद्यालयहरु लगायत सम्पूर्णमा आभार ब्यक्त गर्दछु ।

जयप्रकाश चौधरी
**नगर प्रमुख**

# वडको परिचय

## १ न: वडाको परिचय

स्थापनाकालमा यो गा.वि.स.वा.नं. २ को पुरानो टोल भादगाउँ र वा.नं. ६ को सिनुवारीको सिमानामा स्थापना भएकोले यसलाई भादगाउँ सिनुवारी ( भा.सि.) भनियो । झुम्का बजार ( हाल वा.नं. २ र ५ को केही भाग ) बजार वसेपछि गा.वि.स. कार्यालय सारिएको हो । हाल गा.वि.स.रहेको क्षेत्रको बजारलाई ' झुम्का ' भनेर चिनिन्छ । खास गरी भा.सि.गा.वि.स.अन्यत्र यही झुम्का नामवाट परिचित छ । झुम्का नामाकरण हुनुमा पनि एउटा रमाईलो घटना छ । मनोरंजनका साधनको अभावमा अन्यत्रवाट नाटक ल्याई नाच गान गरी मनोरंजन दिने प्रचलन थियो । यसै शिलशिलामा एक पटक लखनाउँवाट एउटा नाटक ल्याएको थियो र झुम्का बजार क्षेत्रमा उक्त नाटक देखाईएको थियो । वयरका वुट्टाहरु रहेको हालको झुम्का क्षेत्रलाई तत्काल वयरवना भनिने गरिन्थ्यो । त्यही नाटक समूहको नर्तकीले हिन्दी चल चित्र **"मेरा साया** " फिल्मको वरेलि के वजारमे झम्का गिरारे वोलको गीतको गायन र नृत्यपछि उक्त गीत लोक प्रिय हुन गयो  र नाटक देखाएको स्थानलाई झुम्का गिरारे भनी मानिसले सम्वोधन गर्न थाले र कालान्तरमा झुम्का गिरारे को ठाउँ झुम्का भन्ने शव्दले मात्र  लियो र त्यही झुम्का भन्ने शव्दनै अहिलेको यस क्षेत्रको नाम रहन गयो । सुनसरी जिल्लाको साबिकको भादगाउँ सिनुवारी गा.बि.स. को वडा नं. १, २, ३, ६ र ७ तथा तत्कालिन रामधुनी भासि नगरपालिकाको वडा नं. १ र २ वाट बनेको वडालाई पुनरसंरचना पश्चायत वडा नं. १ मा स्थापित भएको वडा हो । पुर्वमा ईटहरी उपमहानगर पालिका वडा नं. १५ र १६ ( साविक एकम्वा गा.बि.स र पकली गा.वि.स..), पश्चिम रामधुनी नगरपालिका वडा नं. २ र ५, उतर ईटहरी उपमहानगर पालिका वडा नं. १६ ( साबिक पकली गा.बि.स.) र दक्षिणमा ईनरुवा नगरपालिका वडा नं. ६ ( साबिक मधेशा गा.बि.स.) पर्दछ । यस वडामा पुराना गाउँ हरु भादगाउँ, सिनुवारी, मोहनपुर, चियापुर, सैनीमैनी, डुमरिया, झुम्का बजार आदि पर्दछ ।

वडा नं. २ को परिचय :

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन रामधुनी भासि नगरपालिका वडा नं. ४ र वडा नं. ८ गाभियो र यसलाई वडा नं. २ बनाइयो । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा दोस्रो र जनसंख्या र घरपरिवारको आधारमा सातौ स्थानमा पर्दछ । यो वडा रामधुनी नगरपालिकाको ५ र ७ वाहेक सबै वडा संग सिमाना जोडिएको छ भने ३ वटा पालिका संग पनि सिमाना जोडिएको छ । यस वडाको पूर्वमा रामधुनी नगरपालिका वडा न. १, ५ र ईनरुवा नगरपालिकाको वडा नं. ८, पश्चिम तर्फ बरहाक्षेत्र नगरपालिका वडा न. ८ र भोक्रहा नरसिंह गाउँपालिका वडा नं. १, उत्तरमा रामधुनी नगरपालिका वडा न. ३ र ४ पर्छ भने दक्षिणमा रामधुनी नगरपालिका वडा न. ८ र ९ पर्दछ । यो वडाको कार्यालय रामधुनी

नगरपालिका कार्यालयबाट करिब १ कि.मि. र जिल्ला सदरमुकाम ईनरुवा बाट करिब ५ किमि उतर-पश्चिममा पर्दछ । यस वाडामा पुराना प्रमुख गाउँहरुमा पुरानो टोल शिबनगर, बिचला टोल शिबनग, कमनिया टोल शिबनगर, चमराही टोल शिबनगर, तित्रिवना, धमौरा, धमौरी, सितपुर, पुर्वटोल कुमयाही, पश्चिमटोल कुम्याही र कालिझोडा पर्दछन ।

वडा नं. ३ को परिचय :

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन रामधुनी भासि नगरपालिका वडा नं. ३ र ६ र ७ गाभिएर वडा नं. ३ बनाइयो । तत्कालिन रामधुनी भासि नगर बनाउदा साविक सिगिया गा.बि.स.को वडा नं. ३ र ९ लाई वडा नं. ६ र वडा नं. ७ लाई वडा नं.७ बनाईको थिया । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा पाचौ ( ९.३३ व.कि.मिं) र जनसंख्या र घरपरिवारको आधारमा आठौ स्थानमा (घ.धु.सं. १२७१ र जनसंख्या ६०३८) पर्दछ । यस वडाको पूर्वमा रामधुनी नगरपालिका वडा न. ५ र ईटहरी पउमहानगरपालिका, पश्चिम तर्फ रामधुनी नगरपालिका वडा न. ४, उत्तरमा रामधुनी नगरपालिका वडा न. ६ र ७ पर्छ भने दक्षिणमा रामधुनी नगरपालिका वडा न. २ पर्दछ । यो वडाको पुरानो मुख्य वस्तिहरु परियारपुर, पिप्राहा, पुर्वटोल सिंगिया, पश्चिम टोल सिंगिया, बुधनगर, हरिपुर, पिप्राही आदि पर्दछन् ।

वडा नम्बर ४ को परिचय

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन रामधुनी भासि नगरपालिका वडा नं. ९ र १० गाभिएर वडा नं. ४ बनाइयो । तत्कालिन रामधुनी भासि नगर बनाउदा साविक सिगिया गा.बि.स.को वडा नं. ५ र ६ लाई वडा नं. ९ र वडा नं. १ र ३ लाई वडा नं.१० बनाईको थिया । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा पहिलौ ( १५.८ व.कि.मिं) र जनसंख्या र घरपरिवारको आधारमा छैठौ स्थानमा ( घ.धु.सं.१३८५ र जनसंख्या ६६६५ ) पर्दछ । यस वडाको पूर्वमा रामधुनी नगरपालिका वडा न. ३, पश्चिम तर्फ बराहक्षेत्र नगरपालिका, उत्तरमा रामधुनी नगरपालिका वडा न. ६ र बराहक्षेत्र नगरपालिका पर्छ भने दक्षिणमा रामधुनी नगरपालिका वडा न. २ पर्दछ । यो वडाको पुरानो मुख्य वस्तिहरु रमपुरा, पिप्राही, लालपुर पुर्व टोल, लालपुर बजार टोल, मानपुर, ईक्राही आदि पर्दछन् ।

वडा नं. ५ को परिचय

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन रामधुनी भासि नगरपालिका वडा नं. ५ लाई नै यथावत रखिएको पाईन्छ । तत्कालिन रामधुनी भासि नगर बनाउदा साविक भासि गा.बि.स.को वडा नं. ५

यथावत राखिएको छ । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा सबै भन्दा सानो ( ३.५१ व.कि.मिं) र जनसंख्यामा दोस्रो र घरपरिवारको आधारमा सबै भन्दा ठुलो स्थानमा (घ.धु.सं.१९१६ र जनसंख्या ८५०० ) पर्दछ । यस वडाको पूर्वमा रामधुनी नगरपालिका वडा न. १, पश्चिम तर्फ रामधुनी नगरपालिका वडा नं. २ र ३, उत्तरमा रामधुनी नगरपालिका वडा न. ३ पर्छ भने दक्षिणमा रामधुनी नगरपालिका वडा न. २ पर्दछ । यो वडाको पुरानो मुख्य वस्तिहरु झुम्का बजार, लगुना चौक, डाकीन थान, हसनपुर आदि पर्दछन् । यस वडाको वडा कार्यालय झुम्का बजारमा स्थापना भएको छ ।

वडा नं. ६ को परिचय

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन बक्लौरी गा.बि.स.को ३, ५, ६, ७ र ९ मिलाएर वडा नं. ६ बनाईएको हो । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा पाँचौ स्थान ( १०.९१ व.कि.मिं) र जनसंख्या र घरपरिवारको आधारमा चोथौ स्थानमा (घ.धु.सं.१५९५ र जनसंख्या ७४०० ) पर्दछ । यस वडाको पूर्वमा रामधुनी नगरपालिका वडा न. ७ र ईटहरी उपमहा नगरपालिका, पश्चिम तर्फ बरहाक्षेत्र नगरपालिका, उत्तरमा रामधुनी नगरपालिका वडा न. ७ पर्छ भने दक्षिणमा रामधुनी नगरपालिका वडा न. ३ र ४ पर्दछ । यो वडाको पुरानो मुख्य वस्तिहरु बक्लौरी बजार, मैनी, ढरीगाउँ, पम्पापुर, जमुवा, ईचौल, बहतर विगहा.आदि पर्दछन् । यस वडामा श.करवेली सिमसारक्षेत्र पनि पर्दछ ।

वडा नं. ७ को परिचय

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन बक्लौरी गा.बि.स.को १, २, ४ र ८ मिलाएर वडा नं. ७ बनाईएको हो । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा तेस्रो स्थान ( १३.७९ व.कि.मिं), जनसंख्याको आधारमा पहिलो र घरपरिवारको आधारमा दास्रो स्थानमा (घ.धु.सं.१८६० र जनसंख्या ८७४३ ) पर्दछ । यस वडाको पूर्वमा ईटहरी उपमहानगरपालिका, पश्चिम तर्फ रामधुनी नगरपालिका वडा नं. ६, उत्तरमा धरान उपमहा नगरपालिका पर्छ भने दक्षिणमा रामधुनी नगरपालिका वडा न. ३ र ६ पर्दछ । यो वडाको पुरानो मुख्य वस्तिहरु कुमरखत, जुड, मनिसुन्दर झोरा, पंचायन, कटघरा.आदि पर्दछन् । यस वडामा पुर्वको फेवाताल भनेर चिनिने रास ताल, प्रेम ताल, जुडि सिमसार आदि पर्यटकिय क्षेत्रहरु पनि रहेकोछ ।

### वडा नं. ८ को परिचय

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन डुम्राहा गा.बि.स.को ३ र ४ मिलाएर वडा नं. ८ बनाईएको हो । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा सातौ स्थान ( ७.७७ व.कि.मिं), जनसंख्याको आधारमा र घरपरिवारको आधारमा सबै भन्दा सानो (घ.धु.सं.१००६ र जनसंख्या ४६८८) रहेकोछ । यस वडाको पूर्वमा रामधुनी नगरपालिका वडा नं. ८, पश्चिम तर्फ बरहाक्षेत्र नगरपालिका, उत्तरमा रामधुनी नगरपालिका वडा नं. २ पर्छ भने दक्षिणमा ईनरुवा नगरपालिका पर्दछ । यो वडाको पुरानो मुख्य वस्तिहरु रोघनाथपुर, अर्ता, बसहा, डुम्राहा, १६ नं. झोरा, ठुलेमेहर, पोडेल चौक आदि पर्दछन् ।

### वडा नं. ८ को परिचय

स्थानीय निकायको पुन : संरचना गरिंदा तत्कालिन डुम्राहा गा.बि.स.को ३ र ४ मिलाएर वडा नं. ८ बनाईएको हो । यो वडाको भौगोलिक अवस्थितिका आधारमा २६°३६' उत्तर अक्षांश र ८७°१२' पूर्व देशान्तर भित्र रहि समुद्रि सतहबाट १८२ देखि १८५ मिटरको उचाईमा रहेको यो वडाको समग्र भुभाग समतल छ । । यस वडा रामधुनी नगरपालिकाको क्षेत्रफलको आधारमा पाचौ स्थान ( ११.(१५ व.कि.मिं), जनसंख्याको आधारमा र घरपरिवारको आधारमा सातौ (घ.धु.सं.१३५९ र जनसंख्या ६४०७) रहेकोछ । यस वडाको पूर्वमा रामधुनी नगरपालिका वडा नं. २, पश्चिम तर्फ रामधुनी नगरपालिका वडा नं. ८, उत्तरमा रामधुनी नगरपालिका वडा नं. २ पर्छ भने दक्षिणमा ईनरुवा नगरपालिका वडा नं. ८ पर्दछ । यो वडाको पुरानो मुख्य वस्तिहरु धुरहा, सितपुर, मर्चेया, भलवाही, डुम्राहा आदि पर्दछन् ।

## जनसांख्यिक विवरण

## वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको विवरण

**घरपरिवार र जनसंख्या बितरण:**

राष्ट्रिय जनगणना २०६८ मा रामधुनी नगरपालिकाको जनसंख्या पुरुष २३९८४ र महिला २७७३८ गरी कुल ५१७२२ रहेकोमा यो संख्या २०७६ मा आईपुग्दा समग्रमा २१.४५ % (बार्षिक २.३८ %) ले बृद्धि भई कुल ६२८१६ पुगेको छ । बि.सं. २०६८ मा १.१५६ मा रहेका महिला/पुरुष बिचको लैङ्गिक अनुपात २०७६ मा आईपुग्दा ०.९५९ भएको छ । रामधुनी जनगणना (घरपरिवार सर्वेक्षण), २०७६ का आधारमा यस नगरको जनघनत्व ६८५ प्रति बर्ग कि.मि. रहेको छ भने २०६८ को तुलनामा घरपरिवार संख्या समेत करिव १७.३३ % ले बृद्धि भई १३४८२ पुगेको छ । बिश्व परिवेश, शिक्षा, स्वास्थ्य र जनचेतनामा भएको सुधार तथा बृद्धि साथै राष्ट्रिय नीति तथा कार्यक्रम बमोजिम औषत परिवार संख्या क्रमिक रुपले सानो आकारको हुँदै जानु पर्नेमा यस सर्वेक्षणका आधारमा ०.१५८ % ले बढेको अवस्था देखिएको छ ।

बिगतको गणनामा नपरेको तर रामधुनी गणना, २०७६ मा प्राप्त भएको आधारमा यस नगरपालिका भित्र तेश्रो लिङ्गिको संख्या ५१ रहेको पाईएको छ, जुन कुल जनसंख्याको करिव ०.०८ % हुन आउँछ ।

**रामधुनी नगरपालिकाको वडागत जनसंख्या बितरणको अवस्था अध्ययन गर्दा रामधुनी जनगणना, २०७६ अनुसार** सवै भन्दा बढी जनसंख्या वडा नं. ७ मा ८७४३ रहेको छ भने जनसंख्या बृद्धि दर सवै भन्दा बढी वडा नं. ८ मा ६०.९५ ५ रहेको छ । वडा नं. ८ जनसंख्याको हिसावले दोश्रो स्थानमा रहेको छ, जसको जनसंख्या ८५०० छ । समग्र ९ वटा वडा मध्ये सवै भन्दा कम जनसंख्या रहेको वडामा वडा नं. ८ रहेको छ, जस्मा 4688 जना मानिसहरूको बसोबास रहेको छ । वडागत रुपमा जनसंख्या बृद्धि दरका बारेमा अध्ययन गर्दा यसै सर्वेक्षण बमोजिम सवै वडामा जनसंख्या बृद्धि भई रहेको देखिएता पनि यो क्रम वडागत रुपले फरक फरक अवस्था (१.३३ देखि ६०.९५ ५) मा रहेको देखिनुले मानसिहरूको बसोबासको अवस्था असन्तुलित रहेको छ । जनसंख्या बृद्धि दरको हिसावले सवै भन्दा कम जनसंख्या बृद्धि भएको वडाका (१.३३ ५) रुपमा वडा नं. ३ रहेको छ । जनसंख्या बितरणको तुलनात्मक बिबरण तालिका नं. २ र ३ साथै तुलनात्मक चित्र नं. १ र २ मा उल्लेख गरिएको छ ।

**: रामधुनी नगरपालिकाको समग्र जनसांख्यिक विवरण**

| क.सं | विवरण | जनगणना बर्ष | |
|---|---|---|---|
| | | रा.ज.ग. २०६८ | रामधुनी २०७६ |
| १ | जम्मा जनसंख्या | ५१७२२ | ६२८१६ |
| १.१ | पुरुष | २३९८४ | ३२०३८ |
| १.२ | महिला | २७७३८ | ३०७२७ |
| १.३ | तेश्रो लिङ्गि | | ५१ |
| १.४ | लैङ्गिक अनुपात (महिलारपुरुष) | १।१५६ | ०.९५९ |
| २ | घरपरिवार संख्या | ११४९१ | १३४८२ |
| ३ | जनसंख्या परिवर्तन प्रतिशतमा | | २१.४५ |
| ४ | बार्षिक जनसंख्या वृद्धि दर ५ | | २.३८ |
| ५ | औषत घरपरिवार संख्या | ४।५०१ | ४।६५९ |
| ६ | क्षेत्रफल (बर्ग कि.मि.) | | ९१।६९ |
| ७ | जनघनत्व (प्रति बर्ग कि.मि.) | | ६८५।०९ |

श्रोतः रामधुनी नगरपालिकाको पार्श्वचित्र २०७६

**: रामधुनी नगरपालिकाको वडागत जनसांख्यिक बितरण**

| वडा नं. | राष्ट्रिय जनगणना २०६८ | | | | नगरपालिका घरधुरी सर्वेक्षण, २०७६ | | | | | जनसंख्या बृद्धि दर % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | पुरुष | महिला | जम्मा | घरपरिवार | पुरुष | महिला | तेश्रो लिङ्गि | जम्मा | |
| १ | १३९७ | ३०३४ | ३३६७ | ६४०१ | १७२९ | ३९९८ | ४०६१ | ६ | ८०६५ | २६.०० |
| २ | ११६८ | २४८५ | २९७८ | ५४६३ | १३६१ | ३१९५ | ३१०९ | ६ | ६३१० | १५.५० |
| ३ | १३३२ | २७३५ | ३२२४ | ५९५९ | १२७१ | ३०७६ | २९४९ | १३ | ६०३८ | १.३३ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | १२०७ | २५०६ | २९३९ | ५४४५ | १३८५ | ३४१५ | ३२४८ | २ | ६६६५ | २२.४१ |
| ५ | १२४३ | २४५१ | २८३० | ५२८१ | १९१६ | ४३९५ | ४०९५ | १० | ८५०० | ६०.९५ |
| ६ | १५१३ | ३२१० | ३६३१ | ६८४१ | १५९५ | ३९२३ | ३४७१ | ६ | ७४०० | ८.१७ |
| ७ | १५७९ | ३२४९ | ३८१३ | ७०६२ | १८६० | ४४१३ | ४३२६ | ४ | ८७४३ | २३.८० |
| ८ | ८९० | १७९० | २१२३ | ३९१३ | १००६ | २३८६ | २३०० | २ | ४६८८ | १९.८१ |
| ९ | ११६२ | २५२४ | २८३३ | ५३५७ | १३५९ | ३२३७ | ३१६८ | २ | ६४०७ | १९.६० |
| जम्मा | ११४९१ | २३९८४ | २७७३८ | ५१७२२ | १३४८२ | ३२०३८ | ३०७२७ | ५१ | ६२८१६ | २१.४५ |
| बर्षिक बृद्धि दर छ | | | | २२१.२ | | | | | | २.३८ |
| औषत परिवार संख्या | | | ४.५०१ | | | | | | ४.६५९ | ३.५१ |

श्रोत: रामधुनी नगरपालिकाको पार्श्वचित्र २०७६

**जातीगत आधारमा जनसंख्या विवरण**

| क. सं. | जातजाती | वडा नं. १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | **जम्मा** | % |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | थारु | ३११५ | ३५९४ | २५६२ | २२२३ | १२४२ | ३२९१ | २३७२ | २००७ | ३३१९ | २३७२५ | ३७.७७ |
| २ | क्षेत्री (पहाडी) | ८८६ | ४२१ | १३०८ | १४५५ | २३२७ | ७३४ | १६९५ | ४९१ | ५६७ | ९८८४ | १५.७३ |
| ३ | ब्राम्हण ( पहाडी) | ८३५ | २६७ | ८६२ | ८७४ | २७१८ | ३२३ | ७५२ | ४८२ | १४९ | ७२६२ | ११.५६ |
| ४ | राई | ७६ | ३३ | २०५ | १०२ | ३४० | ४१६ | १११७ | १४३ | ४ | २४३६ | ३.८८ |
| ५ | मुसहर | २९ | २४० | २९ | १७३ | २६ | ५१० | १२५ | ० | १०५१ | २१८३ | ३.४८ |
| ६ | नेवार | २९२ | ८५ | १२६ | १५२ | ४८७ | ३०८ | १५६ | ५३ | १७ | १६७६ | २.६७ |
| ७ | बाँतर | १०७१ | ८० | ० | ० | ८ | ११ | ३५ | ० | ० | १२०५ | १.९२ |
| ८ | मुस्लिम | १४६ | ६८२ | १४६ | ० | ११ | ६८ | ६५ | ० | ३४ | ११५२ | १.८३ |
| ९ | विश्वकर्मा | ३०५ | ३५ | ६९ | १९१ | १४६ | ५८ | १५२ | ४५ | १५ | १०१६ | १.६२ |
| १० | तेली | १४२ | ११४ | २२ | ३३ | १३४ | १७० | ५० | ७६ | २०६ | ९४७ | १.५१ |
| ११ | लिम्बु | ७ | ० | ४ | ४ | ६७ | २११ | ४६६ | ३१ | ६ | ७९६ | १.२७ |
| १२ | झाँगड | ० | ८२ | ० | २३२ | ५ | ० | ० | ४६३ | ० | ७८२ | १.२४ |
| १३ | भाझी | १० | ५ | ० | ३१९ | २५ | ४ | ३२८ | ६ | ० | ६९७ | १.११ |
| १४ | मगर | २४ | ४ | ५० | ८५ | १८ | ८७ | २१२ | २३ | ७१ | ५७४ | ०.९१ |
| १५ | परियार | ७३ | १४ | ६८ | ५० | ७२ | २७ | ९५ | ४९ | ५६ | ५०४ | ०.८० |
| १६ | चामार/हरिजन /मोची | ७ | २५३ | ११ | १५७ | १० | ० | २८ | ० | ० | ४६६ | ०.७४ |
| १७ | तामाङ्ग | २८ | १६ | २९ | ५७ | ७३ | ३६ | १३७ | २८ | २९ | ४३३ | ०.६९ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | भुजेल | ४० | ५ | ३० | ६६ | ५६ | ५६ | ९८ | ७६ | २ | ४२९ | ०.६८ |
| १९ | हजाम(ठाकुर) | ६९ | १०२ | २२ | १९ | ० | ४९ | ५० | ० | ८७ | ३९८ | ०.६३ |
| २० | मलाहा | १९ | ० | ० | ७ | २५ | ० | ० | १५१ | १४७ | ३४९ | ०.५६ |
| २१ | सार्की/चमार | १६ | ० | २७ | २० | ९ | ४० | २८ | २२ | २२ | १८४ | |
| २२ | गिरी | ३४ | ५ | ० | ० | ९ | ० | १३० | ० | ० | १७८ | ०.२८ |
| २३ | कानु / हलुवाई | २४ | ० | ० | ११ | ५६ | १८ | ० | ० | ६० | १६९ | ०.२७ |
| २४ | राजधामी | ० | ० | ० | ० | ० | १६३ | ० | ० | ० | १६३ | ०.२६ |
| २५ | बानिया | १३४ | ० | ० | २४ | ० | ४ | ० | ० | ० | १६२ | ०.२६ |
| २६ | खत्वे | ० | ० | २१ | ० | १७ | २१ | २८ | ४ | ७६ | १६७ | ०.२७ |
| २७ | यादव | १२ | ० | ० | ० | ६ | ० | १३ | २२ | ५८ | १११ | ०.१८ |
| २८ | गुरुङ्ग | १४ | ० | ० | ० | २८ | २६ | ४० | ० | ० | १०८ | ०.१७ |
| २९ | बादी | ० | ० | ० | ० | ० | ० | ० | ० | ८८ | ८८ | ०.१४ |
| ३० | झा | २४ | ० | ० | ० | ९ | ३७ | ० | १४ | | ८४ | ०.१३ |
| ३१ | कुशवाहा | ० | ० | ० | ७८ | ० | ० | ० | ० | ० | ७८ | ०.१२ |
| ३२ | सुँढी | ३४ | ० | ० | ७ | २१ | ० | ११ | ० | ० | ७३ | ०.१२ |
| ३३ | सुनुवार | ० | ० | ० | ० | ४ | ३५ | २० | १३ | ० | ७२ | ०.११ |
| ३४ | शेर्पा | ० | ० | ० | ० | ० | ५१ | १७ | ० | ० | ६८ | ०.११ |
| ३५ | सन्यासी | ० | ० | ० | ० | ० | ० | ० | ० | ५५ | ५५ | ०.०९ |
| ३६ | डोम/मरिक | ७ | ० | ८ | ० | ० | १३ | १२ | ० | १६ | ५६ | ०.०९ |
| ३७ | कुमाल | | | १२ | | | ३३ | | | | ४५ | ०.०७ |
| ३८ | कोरी | | | | | | | | १९ | २२ | ४१ | ०.०७ |
| ३९ | राजपुत | २१ | ० | ५ | | ११ | ४ | | | | ४१ | ०.०७ |
| ४० | धानुक | १७ | ७ | ० | | | | | | ७ | ३१ | ०.०५ |
| ४१ | थामी | | | | | १४ | ८ | | ५ | | २७ | ०.०४ |
| ४२ | कायस्थ | ७ | ० | ० | | १६ | | | | | २३ | ०.०४ |
| ४३ | भोटे | ० | ५ | ० | ७ | ८ | | | | | २० | ०.०३ |
| ४४ | राउत | ० | ८ | ० | | | | | ११ | | १९ | ०.०३ |
| ४५ | मारबाडी | | | ४ | | १२ | | | | | १६ | ०.०३ |
| ४६ | थकाली | १२ | ० | ० | | | | | | | १२ | ०.०२ |
| ४७ | माली | | | | | | ११ | | | | ११ | ०.०२ |
| ४८ | याख्या | | | | | | | ९ | | | ९ | ०.०१ |
| ४९ | केवट | | | | | | | | | ९ | ९ | ०.०१ |
| ५० | दनुवार | | | | | ७ | | | | | ७ | ०.०१ |
| ५१ | कुवर | | | ७ | | | | | | | ७ | ०.०१ |
| ५२ | मिश्र | | | | | ७ | | | | | ७ | ०.०१ |
| ५३ | राजबंसी | | | | | | | | ४ | | ४ | ०.०१ |
| ५४ | धिमाल | | | | | | | ४ | | | ४ | ०.०१ |
| ५५ | अन्य | ५३५ | २५३ | ४११ | ३१९ | ४७६ | ५७७ | ४९८ | ४५० | २३४ | ३७५३ | ५.९७ |
| **जम्मा** | | ८०६५ | ६३१० | ६०३८ | ६६६५ | ८५०० | ७४०० | ८७४३ | ४६८८ | ६४०७ | ६२८१६ | १०० |

**३.२. जातीयताका आधारमा घरपरिवार बिबरणः**

जातीयताका आधारमा यस नगरपालिका क्षेत्र भित्र जम्मा ५५ जातजातीको बसोबास रहेका देखिएता पनि जाती भित्रको जातीलाई समेत फरक फरक ढँग बाट घरपरिवार बिबरणका आधारमा केलाएर हेर्दा जम्मा ८६ (नखुलेको बाहेक) जातीको बसोबास रहेको देखिन्छ । जातीगत घरपरिवार बिबरणका आधारमा सवै भन्दा बढी घरपरिवार सङख्या थारु जातीको रहेको छ भने त्यस पछि क्षेत्री र ब्राम्हणको रहेका देखिन्छ । घरपरिवार सर्वेक्षणका आधारमा १० घरपरिवार भन्दा कम हुने जातीको सङख्या ४१ रहेका छ भने १-१ घरपरिवार हुने जाती (यसको अर्थ लपोन्मुख) को संख्या १५ रहेको छ । अन्यको बिबरण थप केलाएर हेर्दा यो संख्या अझ थप हुन सक्ने सम्भावना देखिन्छ । जातीयताका आधारमा रामधुनी नगरपालिकाको बर्तमान बिबरण तालिका नं. ५ मा उल्लेख गरिएको छ

**जातीगत आधारमा घरपरिवार बिबरण**

| जातीगत आधारमा घरपरिवार बिबरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स | जाती | घरपरिवार संख्या | % | क्र.स. | जाती | घरपरिवार संख्या | % |
| १ | थारु | ५२९५ | ४०.४१ | ४४ | परियार (ढोली) | १० | ०.०८ |
| २ | क्षेत्री (पहाडी) | २०३७ | १५.५५ | ४५ | राजपुत | १० | ०.०८ |
| ३ | ब्राम्हण (पहाडी) | १४७८ | ११.२८ | ४६ | कोरी | ९ | ०.०७ |
| ४ | मुसहर | ४६४ | ३.५४ | ४७ | धानुक | ९ | ०.०७ |
| ५ | राई | ५३१ | ४.०५ | ४८ | थामी | ७ | ०.०५ |
| ६ | नेवार | ३६३ | २.७७ | ४९ | कायस्थ | ५ | ०.०४ |
| ७ | बाँतर | २५९ | १.९८ | ५० | मारबाडी | ५ | ०.०४ |
| ८ | मुस्लिम | २०२ | १.५४ | ५१ | परियार (नगर्ची) | ४ | ०.०३ |
| ९ | तेली | १७७ | १.३५ | ५२ | राउत | ४ | ०.०३ |
| १० | झाँगड | १६२ | १.२४ | ५३ | दनुवार | ३ | ०.०२ |
| ११ | विश्वकर्मा (कामी) | १६८ | १.२८ | ५४ | तत्मा (दास) | ३ | ०.०२ |
| १२ | मगर | ११४ | ०.८७ | ५५ | परियार (हुडके) | ३ | ०.०२ |
| १३ | भुजेल | ९६ | ०.७३ | ५६ | पुरी | ३ | ०.०२ |
| १४ | लिम्बु | ८८ | ०.६७ | ५७ | बढही | ३ | ०.०२ |
| १५ | चमार (मोचे) | ८५ | ०.६५ | ५८ | भोटे | ३ | ०.०२ |
| १६ | तामाङ्ग | ९१ | ०.६९ | ५९ | मिश्रा | ३ | ०.०२ |
| १७ | हजाम (ठाकुर) | ७३ | ०.५६ | ६० | याख्या | ३ | ०.०२ |
| १८ | म्लाहा | ७२ | ०.५५ | ६१ | सरभङ्ग (सरवरिया) | ३ | ०.०२ |
| १९ | माझी | १४४ | १.१० | ६२ | सार्की (चर्मकार) | ३ | ०.०२ |
| २० | परियार (दर्जी) | ५१ | ०.३९ | ६३ | परियार (सुचिकार) | २ | ०.०२ |
| २१ | परियार (दमाई) | ४५ | ०.३४ | ६४ | माली | २ | ०.०२ |
| २२ | कानु / हलुवाई | ३९ | ०.३० | ६५ | केवट | २ | ०.०२ |
| २३ | चमार (हरिजन) | ३५ | ०.२७ | ६६ | कुवर | २ | ०.०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | बनिया | ३१ | ०.२४ | ६७ | थकाली | २ | ०.०२ |
| २५ | यादव | २९ | ०.२२ | ६८ | कलवार | २ | ०.०२ |
| २६ | गिरी | २७ | ०.२१ | ६९ | ोधमाल | २ | ०.०२ |
| २७ | खत्वे (खड्ग) | २३ | ०.१८ | ७० | विश्वकर्मा (पार्की) | २ | ०.०२ |
| २८ | गुरुङ्ग | २४ | ०.१८ | ७१ | विश्वकर्मा (ओड) | २ | ०.०२ |
| २९ | सन्यासी | २१ | ०.१६ | ७२ | कुम्हार | १ | ०.०१ |
| ३० | सार्की (मिजार) | २१ | ०.१६ | ७३ | कलर | १ | ०.०१ |
| ३१ | सुनुवार | १९ | ०.१५ | ७४ | चमार (रबिदास ) | १ | ०.०१ |
| ३२ | शेर्पा | १९ | ०.१५ | ७५ | तत्मा (ताँती) | १ | ०.०१ |
| ३३ | कुशवाहा | १७ | ०.१३ | ७६ | नुराङ | १ | ०.०१ |
| ३४ | बादी | १६ | ०.१२ | ७७ | कुमिर | १ | ०.०१ |
| ३५ | विश्वकर्मा (सुनार) | १७ | ०.१३ | ७८ | बंगाली | १ | ०.०१ |
| ३६ | कुमाल | १४ | ०.११ | ७९ | बडाई | १ | ०.०१ |
| ३७ | सार्की (भुल) | १४ | ०.११ | ८० | बाह्न | १ | ०.०१ |
| ३८ | विश्वकर्मा (लोहार) | १३ | ०.१० | ८१ | भारती | १ | ०.०१ |
| ३९ | डोम/मरिक | १३ | ०.१० | ८२ | राजबंसी | १ | ०.०१ |
| ४० | सुँढी | १५ | ०.११ | ८३ | राजबोध | १ | ०.०१ |
| ४१ | झाँ | १२ | ०.०९ | ८४ | विश्वकर्मा (चुनरा) | १ | ०.०१ |
| ४२ | खत्वे (मण्डल) | ११ | ०.०८ | ८५ | विश्वकर्मा (टमाटा) | १ | ०.०१ |
| ४३ | चमार (राम) | ११ | ०.०८ | ८६ | सियार | १ | ०.०१ |
| | | | | ८७ | नखुलेको तथा अन्य | ९२० | ७.०२ |
| जम्मा | | | | | | १३४८२ | १००.० |

श्रोत : रामधुनी नगरपालिका पार्श्वचित्र २०७६

### ३.३ धर्मको आधारमा जनसंख्या बितरण:

रामधुनी नगरपालिकाको घरपरिवार सर्वेक्षण २०७६ का आधारमा यस नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने नगरबासीहरूमा सवै भन्दा बढी ९५.८५ छ हिन्दु धर्म मान्नेहरूको रहेको छ भने सवै भन्दा कम ०.६० छ क्रिस्चियत धर्मावलम्बिहरूको रहेको छ। मुस्लिम धर्मावलम्वीहरूको जनसंख्या झण्डै २ % को हाराहारिमा रहको देखिन्छ भने बौद्ध र किरात धर्म मान्नेहरूको संख्या १ % भन्दा कम रहेको अवस्था छ। वडागत रुपमा जनसंख्या बितरणलाई हेर्दा सवै वडाहरूमा हिन्दु धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ भने वडा नं. ४ र ८ मा मुस्लिम धार्मावलम्बि, वडा नं. ३, ४, ८ र ९ मा किरात धर्मावलम्बी र वडा नं. ३ र ९ मा क्रिस्चियत धर्मावलम्बीहरूको बसोबास रहेका छैन। यस नगरपालिकाको धर्मको आधारमा जनसंख्या बितरण तालिका नं. ६ मा उल्लेख गरिएको छ

**धर्मको आधारमा जनसंख्या विवरण**

| धर्मको आधारमा जनसंख्या विवरण, २०७६ |
|---|

| वडा नं. | हिन्दु | मुस्लिम | बौद्ध | किरात | क्रिश्चियन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ७८२५ | १५७ | ३२ | ५ | ४२ | ४ | ८०६५ |
| २ | ५५२९ | ६९८ | ४६ | १७ | १३ | ७ | ६३१० |
| ३ | ५८३३ | १७६ | १८ | ० | ० | ११ | ६०३८ |
| ४ | ६६२२ | ० | २२ | ० | १४ | ७ | ६६६५ |
| ५ | ८३४८ | १३ | ५९ | ३५ | ४० | ५ | ८५०० |
| ६ | ७०५७ | ६८ | ५५ | ५३ | ७१ | ९६ | ७४०० |
| ७ | ८०४० | ६९ | १७१ | ३०८ | १५५ | ० | ८७४३ |
| ८ | ४६०१ | ० | २४ | ० | ४२ | २१ | ४६८८ |
| ९ | ६३५३ | ३४ | १९ | ० | ० | १ | ६४०७ |
| **जम्मा** | **६०२०८** | **१२१५** | **४४६** | **४१८** | **३७७** | **१५२** | ६२८१६ |
| **%** | ९५.८५ | १.९३ | ०.७१ | ०.६७ | ०.६० | ०.२४ | १००.० |

श्रोत : रामधुनी नगरपालिका पार्श्वचित्र २०७६

## मातृ भाषाका आधारमा घरपरिवार विवरण

रामधुनी नगरपालिकामा बिभिन्न मात्र भाषा प्रयोग गर्ने मानिसहरूको बसोबास रहेका अवस्था छ । घरपरिवार सर्वेक्षण २०७६ का आधारमा थारु भाषा बोल्नेहरू सबै भन्दा बढी ४०.५० ५ रहेको पाईएको छ भने खस पर्वते वा नेपाली भाषा बोल्नेहरूको घरपरिवार संख्या ३७.१९ ५ रहेको छ । यस नगरपालिकामा मैथिलि भाषा र राई भाषा बोल्नेहरू समेत उल्लेख्य रुपमा रहेका पाईन्छ जुन कुल घरपरिवारको करिव क्रमस ११ ५ र ३ ५ को हाराहारिमा रहेका छन् । उपरोक्त उल्लेखित भाषाभाषीका अलावा उराउ भाषा, नेवारी भाषा र मुस्लिम भाषा बोल्नेहरूको घरपरिवारका आधारमा १ देखि २ ५ को हाराहारीमा रहेका छन भने अन्य भाषाभाषिको घरपरिवार बिबरण प्रत्येकको १ ५ भन्दा कम रहेको छ। मात्री भाषा बोल्नेका आधारमा घरपरिवार बिबरण तालिका नं. .. मा उल्लेख गरिएको छ ।

तालिका नं. ६ : मात्री भाषका आधारमा घरपरिवार बिबरण

| मातृ भाषका आधारमा घरपरिवार बिबरण | | | |
|---|---|---|---|
| **क.सं** | **मात्री भाषा** | **घरपरिवार संख्या** | **%** |
| १ | थारु भाषा | ५४६० | ४०.५० |
| २ | खस पर्वते भाषा/नेपाली भाषा | ५०१४ | ३७.१९ |
| ३ | मैथिली भाषा | १४८१ | १०.९९ |
| ४ | राई भाषा | ३३६ | २.४९ |
| ५ | उराउ भाषा | १८९ | १.४० |
| ६ | नेवारी भाषा | १८३ | १.३६ |
| ७ | लिम्बु भाषा | १५२ | १.१३ |
| ८ | मुस्लिम भाषा | १४५ | १.०८ |
| ९ | मगर भाषा | ५९ | ०.४४ |
| १० | तामाङ भाषा | ५४ | ०.४० |
| ११ | भोजपुरी भाषा | ५२ | ०.३९ |
| १२ | हिन्दी भाषा | २४ | ०.१८ |

| | | | |
|---|---|---|---|
| १३ | शेर्पा भाषा | १६ | ०.१२ |
| १४ | उर्दु भाषा | १६ | ०.१२ |
| १५ | भुजेल भाषा | १५ | ०.११ |
| १६ | माझी भाषा | १४ | ०.१० |
| १७ | गुरुङ भाषा | १२ | ०.०९ |
| १८ | सुनुवार भाषा | १० | ०.०७ |
| १९ | वान्तवा भाषा | ५ | ०.०४ |
| २० | बाहिङ भाषा | ३ | ०.०२ |
| २१ | राउटे, थामि, खालिङ, याख्खा, सोनाहा भाषा सवै २-२ घरपरिवारका दरले | १० | ०.०७ |
| २२ | कुलुङ, मगही, अंगिका, अवधि, धिमाल भाषाका सव १-१ गरी | ५ | ०.०४ |
| २३ | अन्य | २२७ | १.६८ |
| **जम्मा** | | **१३४८२** | **१००.०** |

श्रोत : रामधुनी नगरपालिका पार्श्वचित्र २०७६

## बसोबासको आधारमा जनसंख्या विवरण

रमधुनी नगरपालिकामा बसोबास गरिरहेको अवस्था र परिवेशको अध्ययन गर्दा रामधुनी नगरपालिका क्षेत्र भित्र बिगत लामो समय देखि बसोबास गरिरहेको संख्या ८६.८८ % रहेको छ भने स्वदेश भित्रै तर नगरपालिका बाहिर बस्नेको संखया झण्डै ५ % को हाराहारिमा छ । यस नगरपालिका बाट विदेशमा गई बसोबास गरिरहेका मानिसहरू संख्या ७.३७ % रहेको तथा बिभिन्न स्थानबाट (स्वदेश तथा बिदेश) बसाई सरी यस नगरभित्र बसोबास गर्नेहरूको संख्या ०.७५ % रहेको छ । बिस्त्रित रुपमा घरपरिवार सर्वेक्षण गरिएको भएता पनि २२ जना मानिसहरूको बसोबासको अवस्थाको बिबरण खुल्न सकेको अवस्था छैन । नगरबासीको बसोबासको अवस्थाका आधारमा झण्डै ८७ % मानिसहरू बिगत लामो समय देखि यसै स्थानमा बसोबास गरिरहेको पाउनु यस नगरको समृद्धि निर्माणमा एक सुखद पक्ष रहन गएको छ ।

..: बसोबासको आधारमा जनसंख्या विवरण

| बसोबासको आधारमा जनसंख्या विवरण, २०७६ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| वडा नं. | गणना गरिएको ठाउँमा | स्वदेशमा अन्यत्र बसेको | विदेशमा बसेको | अस्थाई बसोबास (बिदेश बाट) | बसाई सरी आएको ( स्वदेश बाटै) | नखुलेको | जम्मा |
| १ | ६९१४ | ३८२ | ६२६ | ९ | १३२ | २ | ८०६५ |
| २ | ५४७३ | ३३१ | ४९७ | ८ | १ | ० | ६३१० |
| ३ | ५४६६ | १६४ | ४०१ | ० | ७ | ० | ६०३८ |
| ४ | ५७१५ | ४५० | ४५१ | ० | ४९ | ० | ६६६५ |
| ५ | ७२५० | ५२० | ७१८ | ४ | ८ | ० | ८५०० |
| ६ | ६५८१ | २३९ | ३७५ | १९८ | ७ | ० | ७४०० |
| ७ | ७४६३ | ४३८ | ८४२ | ० | ० | ० | ८७४३ |
| ८ | ३९५६ | ३७२ | २९४ | ० | ४६ | २० | ४६८८ |
| ९ | ५७५५ | २२१ | ४२८ | ३ | ० | ० | ६४०७ |
| **जम्मा** | **५४५७३** | **३११७** | **४६३२** | **२२२** | **२५०** | **२२** | **६२८१६** |
| छ | ८६.८८ | ४.९६ | ७.३७ | ०.३५ | ०.४० | ०.०४ | १०० |

श्रोत : रामधुनी नगरपालिका पार्श्वचित्र २०७६

## उमेरको आधारमा जनसख्या विवरण:

रामधुनी नगरपालिकाको घरपरिवार सर्वेक्षण २०७६ का आधारमा उमेरगत जनसङ्ख्याको अध्ययन गर्दा ५ बर्ष मुनिका बालबालिका ७.०८ %, ६ देखि १४ बर्ष उमेरका बालबालिका १५.५६ %, १५ देखि १८ बर्ष उमेरका सम्मका बालबालिका ७.३६ % गरी कुल बालबालिकाको जनसङ्ख्या ३० % रहेको पाईएको छ भने उत्पादनशील वा आर्थिक रुपले सकि्रय जनसङ्ख्या भएको उमेर समुह भन्नाले १५ देखि ६० बर्ष उमेर समुहको जनसङ्ख्या ६८.६९ % रहेको अवस्था छ । रामधुनी नगरपालिकाको आर्थिक बिकास समृद्धि निर्माणमा यो एउटा सुखद पक्ष रहेको पाईएको छ । राष्ट्रिय जनगणना बमोमिज आर्थिक रुपले सकृय उमेरलाई १५ देखि ५९ बर्ष मानिएको भएता पनि बर्तमान नेपालीहरूको औषत आयुमा भएको बृद्धिका आधारमा आर्थिक रुपले सकृय उमेरलाई समेत सहज रुपमा ६० बर्ष मान्न अनिवार्य देखिएको छ । यसै गरी राज्यको संरक्षणको आवश्यकता पर्ने ६१ बर्ष भन्दा माथिको जनसङ्ख्या मात्र ८.६६ **%** रहेका अवस्था छ । कुने पनि मुलुक, क्षेत्र वा स्थानको बिकास त्यस क्षेत्रमा बसोबास गर्ने उत्पादनशील समूह वा श्रम क्षमता भएका जनसङ्ख्याको मात्रात्मक उपस्थिति र तिनीहरूको क्षमतामा निर्भर रहने गर्दछ । अझै गहिरिएर बिश्लेषण गर्दा यस नगरपालिका क्षेत्र भित्र आश्रीत जनसङ्ख्या भन्दा श्रमयुक्त वा उत्पादन शिल उमेर समुहका जनसङ्ख्याको मात्रा २२.६७ % बढी रहेको पाईनु आफैंमा एक सकारात्मक पक्ष रहेको छ । यस नगरपालिकाको अत्याधिक क्षेत्र कृषि उत्पादनमा आधारित रहेको कारण उत्पादनशील उमेर समुहका नगरबासीहरूलाई परिचालन गरी कृषिको संरक्षित ब्यवसायिकिकरण गर्न सकिने र यस नगरको आर्थिक समृद्धिको बलियो आधारशिला तयार गर्न सकिने प्रसस्ता सम्भावना रहेको देखिन्छ । उमेरगत अन्तरालको हिसाबमा नगरपालिका क्षेत्र भित्र बसोबास गर्ने जनसङ्ख्याको बिष्तृत विवरण उल्लेख गरिएको छ ।

उमेर अन्तरको हिसावले नगरपालिकाको जनसख्या विवरण

| वडा नं. | उमेर अन्तर (बर्ष) | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ० देखि ५ बर्ष | ६ देखि १४ बर्ष | १५ देखि १८ बर्ष | १९ देखि ४० बर्ष | ४१ देखि ६० बर्ष | ६१ बर्ष देखि मथि | |
| १ | ५४५ | १२६२ | ६०७ | ३५९३ | १४८६ | ५७२ | ८०६५ |
| २ | ५७५ | ९६२ | ४५५ | २६५७ | ११३२ | ५२९ | ६३१० |
| ३ | ४३० | ९३७ | ४३८ | २५३० | १२१० | ४९३ | ६०३८ |
| ४ | ४१७ | ९९२ | ४७५ | २८०२ | १२८१ | ६९८ | ६६६५ |
| ५ | ५६१ | १३८९ | ६३५ | ३५९२ | १५४५ | ७७८ | ८५०० |
| ६ | ५०८ | ११४६ | ५५० | ३१५० | १४२६ | ६२० | ७४०० |
| ७ | ५९६ | १३४० | ६३२ | ३६८२ | १६५५ | ८३८ | ८७४३ |
| ८ | ३१५ | ७३३ | ३६१ | १९६३ | ८७९ | ४३७ | ४६८८ |
| ९ | ५०३ | १०१३ | ४७३ | २७२२ | १२१९ | ४७७ | ६४०७ |
| जम्मा | ४४५० | ९७७४ | ४६२६ | २६६९१ | ११८३३ | ५४४२ | ६२८१६ |
| **%** | ७.०८ | १५.५६ | ७.३६ | ४२.४९ | १८.८४ | ८.६६ | १०० |

श्रोत : रामधुनी नगरपालिका पार्श्वचित्र २०७६

## बालबालिकाका लागि संबैधानिक तथा नीतिगत ब्यवस्था

### बालबालिकाको हुन ?

- जसलाई आमाबाबु वा वयस्कहरुले उनीहरुका आफ्ना चाहना अनुसार यस संसारमा आमन्त्रण गरेर बोलाइएका हुन् ।

- जसलाई बाल्यकालमा वा अहिले नै विशेष किसिमको संरक्षण र स्याहार आवश्यकता पर्दछ ताकि उनीहरु भोलि एक सक्षम वयस्क भएर आफ्ना व्यक्तिगत, पारिवारिक र सामाजिक उत्तरदायित्वहरु वहन गर्न सक्षम व्यक्ति बन्न सकुन् ।
- जो समाजमा भएको शक्ति सम्बन्ध वा शक्ति संरचनामा सबभन्दा पुछारमा रहेका हुन्छन् ।
- जसले वयस्कहरुका खासगरी आमाबाबुका आकांक्षाहरु (विशेषगरी पुरा नभएका वा दमित आकांक्षाहरु) लाई काँध थापिदिनेछन् भनेर विश्वास गरिन्छ ।
- बालबालिका वर्तमानका साझेदार र भविश्यका कर्णधार हुन् ।

## महासन्धिको स्वरुप

महासन्धिमा ५४ वटा धाराहरु छन् । ५४ वटा धाराहरुलाई ३ भागमा राखिएको छ ।

- भाग १ धारा १ देखि धारा ४१ सम्म
- भाग २ धारा ४२ देखि धारा ४५ सम्म
- भाग ३ धारा ४६ देखि धारा ५४ सम्म
- धारा १ देखि ४० सम्म बालअधिकार तथा यस सम्बन्धमा राज्यको उत्तरदायित्वको बारे
- धारा ४१ मा राष्ट्रिय वा अन्तरराष्ट्रिय मध्ये उत्कृष्टलाई अवलम्बन गर्न पाउने ब्यवस्था
- धारा ४२ मा बालअधिकार सम्बन्धि बिषयका बारे प्रचार प्रसार गर्ने ।
- धारा ४३ देखि ५४ सम्म बालअधिकार सम्बन्धि कानून लागू गर्ने, बाल अधिकारको अवस्थाबारे मूल्याङ्कन र अनुगमन गर्ने तथा प्रतिवेदन तयार गर्ने बारेमा उल्लेख गरिएको छ ।
- यो महासन्धि संयुक्त राष्ट्रसंघको महासभाबाट २० नोभेम्बर सन् १९८९ मा पारित भई २ सेप्टेम्बर सन् १९९० देखि लागू भएको हो ।
- नेपालले यो महासन्धिलाई १४ सेप्टेम्बर सन् १९९०, २०४७ भाद्र २९ गते बिना कुनै शर्त अनुमोदन गरेको थियो ।

## बालबालिकाको परिभाषा

उमेर, परिपक्वता, परिवारको स्थिति, वातावरण, सक्षमता, अनुभव र उनीहरुले पाएका अवसरहरु समाजिकीकरण लगायत थुप्रै कुराहरुको आधारमा बालबालिकाको परिभाषामा विविधता रहेको हुन्छ । हाम्रो समाजमा एउटा मात्र बाल्यकाल नभएर थुप्रै बाल्यकालहरु छन् । हाम्रा विद्यमान कानुन, नीति तथा ब्यवहारहरुमा उमेरको हदलाई आधार मानी बालबालिकाको परिभाषा गर्न खोजिएको छ ।

१. बालक भन्नाले १८ बर्ष उमेर पुरा नगरेको बालबालिका सम्झनु पर्छ ।

*- नेपालको बालबालिका सम्वन्धी ऐन २०७५*

२. बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ ।

नेपालको बालबालिका सम्वन्धी ऐन २०७५ - बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति

३. कानुनले बयष्कताको उमेर कम तोकेको अवस्थामा बाहेक बालबालिका भनेको १८ बर्ष भन्दा कम उमेरका सवै बालक वा बालिका हुन् ।

४. नेपालको बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ ले १४ बर्ष उमेर पुरा नगरेका बालकलाई चित्रण गरेको छ ।

५. नेपालमा नागरिकता प्राप्त गर्न १६ बर्ष उमेर पुग्नु पर्ने, मताधिकारको लागी १८ बर्ष, विवाह उमेर २० बर्षभन्दा माथि, निर्वाचनमा उम्मेद्वार बन्न २१ बर्षको उमेरको हद तोकि दिएरन कुनै प्रकारले बालबालिकालाई परिभाषित गर्न खोजेको देखिन्छ ।

६. नेपालको राष्ट्रिय युवा नीति २०१० ले १६ देखी ४० बर्ष उमेर समुहका महिला तथा पुरुषलाई युवा युवती भनि परिभाषा गरिएको छ ।

७. यसरी भिन्न भिन्न परिवेशमा भिन्न भिन्न उमेर समुहलाई आधार मानी बालबालिकाको परिभाष गर्न खोजिएको भएता पनि बालमैत्री स्थानीय शासनको सन्दर्भमा बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनु पर्छ ।

## बालमैत्री स्थानीय शासनको रणनीतिक सोच :

मुलुकका सम्पूर्ण बालबालिकालाई बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकार सुनिश्चित हुने गरी समावेशी र समतामूलक समाजको स्थापनामा स्थानीय शासन सक्षम र जवाफदेही युक्त तुल्याउनु बालमैत्री स्थानीय शासन ब्यवस्थाको रणनीतिक सोच हुनेछ भनि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनिति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ मा उल्लेख गरिएको छ ।

## बालमैत्री स्थानीय शासनको लक्ष्य :

बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकार प्राप्त भै बालबालिकाको लागि आवश्यक सेवाको उपलब्धता र गुणस्तरमा उल्लेखनीय सुधार भै सेवाको सुनिश्चता भएको हुनेछ ।

## बालमैत्री स्थानीय शासनको उद्देश्य :

स्थानीय स्तरका सबै बालमैत्री क्षेत्र र तहका निकायहरुको नीति, संरचना, प्राणाली र कार्य प्रक्रिया ब्यवहारमा बालबालिकाको अर्थपूर्ण सहभागीताको माध्यमबाट उनीहरुको अधिकार सम्वन्धी सवालहरुलाई

मुलप्रवाहिकरण गरि बालमैत्री शासन प्रणालीको प्रवर्धन गर्दै देहायका नतिजाहरु प्राप्त गर्न सहयोग पुऱ्याउनु यसको उद्देश्य हुनेछ ।

१. बालबालिकाहरु सुरक्षित भई बाँच्न पाउने हकको प्रवर्द्धन ।

२. बालबालिकाहरुको संरक्षण सम्बन्धी हकको प्रवर्द्धन ।

३. बालबालिकाहरुको विकास सम्बन्धी हकको प्रवर्द्धन ।

४.बालबालिकाको लागि आधारभूत सेवा प्रवाह र योजना तर्जुमा सम्बन्धी निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता तथा उनीहरुको आवजको सुनुवाई

## बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहायका निर्देशिक सिद्धान्तहरु अवलम्बन गरिनेछ

१. विना भेदभाव (गैर विभेदीकरण)

२. बालबालिकाको सर्वोत्तम हित

३. बालबालिकाको सर्वाङ्गिण विकास

४. बालबालिकाको विचारको सम्मान र सहभागिता

५. सन्निकटताको सिद्धान्त

६. समावेशीकरण सिद्धान्त

७. समुदायमा आधारित विकासको सिद्धान्त

## नीतिगत बालमैत्री स्थानीय शासन अवलम्बनकर्ता हुनको लागि चाहिने तहगत ६ खुडकिलाहरु

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८मा उल्लेख भए बमोजिम यस पद्धतिको अबलम्बन गर्ने स्थानीय तहहरुले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै देहाय बमोजिमको कार्यहरु गरेको हुनु पर्ने छ । यस्तो कार्य गर्ने स्थानीय तहलाई बालमैत्री स्थानीय शासन अवलम्बनकर्ता मानिनेछ भनी उल्लेख गरिएको छ ।

१. साझेदार संस्थालाई अभिमुखीकरण गरी यस पद्धतिको अवलम्बन गर्ने सामुहिक प्रतिवद्धता ब्यक्त ।

२. बालमैत्री स्थानीय शासन प्रर्वद्धन कार्ययोजना तर्जुमा ।

३. आफ्नो कुल पूँजीगत बजेटबाट निश्चित प्रतिशत रकम विनियोजित सहितको लगानी योजना

४. बालमैत्री स्थानीय शासन न्युनतम सेवा सूचकहरुको निर्धारण ।

५. बालमैत्री स्थानीय शासन प्रर्वद्धनको संस्थागत व्यवस्था इकाई वा शाखा बनाउने वा सम्पर्क बिन्दु तोक्ने

६. सम्वन्धित सभाबाट बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने निर्णय ।

**सम्भावना र चुनौतीहरुः**

ऐतिहाँसिक र पर्यटकिय महत्व बोकेको यस रामधुनी नगरपालिकाको सम्भावना र चुनौतीहरु

**सम्भावनाहरु**

- पर्यटन व्यवसाय ।
- ब्यवसायीक तरकारी तथा फलफूल खेती ।
- ब्यवसायीक पशुपालन ब्यवसाय संचालन ।
- वन जंगल
- जलस्रोत ।
- ब्यवसायिक कृषि
- नगर खुल्ला दिसा मुक्त क्षेत्र घोषणा भई पूर्णखोप पूर्ण साक्षर र बालमैत्री स्थानीय शासन घोषणाको अन्तिम चरणमा पुगेको ।
- विकास निर्माणका कार्यमा समुदायको सक्रिय सहभागीता ।

**चुनौतिहरु**

- उपलब्ध साधन स्रोतको तुलनामा समुदायको विकास प्रतिको माग अत्याधिक ।
- जनसंख्याको आधारमा समतामूलक विकासको विस्तार ।
- स्थानीय स्तरमा रोजगारीको सृजना ।
- दक्ष जनशक्तिबाट जनतामा गुणस्तरीय सेवा प्रवाह ।
- गुणस्तरीय स्थानीय शिक्षाको अभाव
- आधुनिक कृषि, पशु प्रणाली ।
- गुणस्तरीय स्वास्थ्य सेवा ।

**बालमैत्री स्थानीय शासनको अवधारणा**

बालअधिकारका ४ पक्ष (बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता)को प्रवर्द्धन गरी, बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, कार्यान्वयन कार्यबिधि २०६८, स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय तहमा सुशासन अभिवृद्धि गर्न ल्याइएको संस्थागत अवधारणा  हो । बालमैत्री स्थानीय शासन। बालअधिकार सम्बन्धी अर्न्तराष्ट्रिय महासन्धी (CRC), १९८९ को अवधारणा, नेपालको संविधान २०७२ मा भएको बालअधिकार सम्बन्धी व्यवस्था, बालबालिका सम्बन्धी ऐन २०७५ तथा  स्थानीय सरकार संचालन ऐन २०७४ ले बालबालिकाको पक्षमा नीतिगत एवं कानूनी प्रावधान राखी बालअधिकारको समग्र पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रुपमा रहेका नगरपालिका, वडा समिति,  जनताको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भएको सन्दर्भमा बालअधिकारको विषयलाई स्थानीय तहको नीति, संरचना, समग्र कार्यपद्धति र प्रणालीमा अर्न्तभूत गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिएकोले बालमैत्री स्थानीय शासनको अवधारणा अगाडि आएको हो ।

**बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यकता :**

बालबालिका सम्बन्धी ऐन, २०७५ अनुसार बालबालिका भन्नाले १८ बर्षको उमेर पूरा नगरेको बालक वा बालिकालाई सम्झनुपर्छ भनी परिभाषित गरेको छ भने संयुक्त राष्ट्रसंघिय बालअधिकार महासन्धी, १९८९ को धारा १ अनुसार “१८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानिने छ तर राष्ट्रिय कानुनले बाल्यावस्थाको उमेर तोक्न सक्नेछन्” भनी बालबालिकालाई परिभाषित गरेको छ । बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा “बालबालिका भन्नाले १८ बर्ष उमेर ननाघेका बालबालिकालाई सम्झनुपर्छ ।” भन्ने वाक्य उल्लेख छ । मताधिकार सम्बन्धी ब्यवस्थामा पनि १८ बर्ष पुरा गरेको हुनुपर्ने ब्यवस्था छ । सारांशमा विशेष किसिमको संरक्षण र स्याहार आवश्यक पर्ने साथै शारीरिक, बौद्धिक संवेगात्मक तथा सामजिक रुपमा पूर्ण नभई सकेको उमेर नै बालबालिकाको समूहमा पर्दछन् । नेपाल सरकारले ल्याएको बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९ मा पनि बालबालिकाको उमेरलाई १८ बर्ष नै मानिएको छ ।

बालअधिकारका चार क्षेत्रहरु बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागितालाई स्थानीय तहको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया तथा व्यवहारमा संस्थागत गर्ने शासकिय पद्धति नै बालमैत्री स्थानीय शासन पद्धति हो । यसले स्थानीय तहलाई बालबालिकाको हितमा योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यलाई सघाउँदछ । यसर्थ बालमैत्री स्थानीय शासनको आवश्यतालाई निम्न बुँदाहरुमा दर्शाउन सकिन्छ ।

**बुँदाहरु यस प्रकार छन्:**

- निर्णय प्रक्रियामा बालबालिकाको अर्थपुर्ण सहभागिता गराई उनीहरुको आवाज सुनुवाई गर्न ।
- बालबालिकाको आधारभूत अधिकारको संरक्षण र उनीहरुको विकासका लागि अनुकूल र बालमैत्री वातावरणको सिर्जना गर्ने ।
- बालबालिकाको विरुद्ध सबै प्रकारको शोषण, दुर्व्यवहार, हिंसा, जोखिम र भेदभावको अन्त्य र बालबालिकाहरुको जीवनस्तरमा सुधार गर्न ।
- बालबालिकाले आफ्नो लागि आफै योजना बनाउने परिपाटी स्थापित गर्न ।
- बालबालिकाहरुमा आत्मबल र विश्वासको विकास भई वयस्क प्रति सम्मानको भावना जागृत पार्न ।
- बालबालिकाहरु आफ्नो अधिकार प्राप्त गरी कर्तव्य प्रति पनि जिम्मेवार बोध गर्न ।
- बालसमूहहरु र बालसञ्जालको विकास, बालसहभागिताको विकास र गाउँ समाजको नाम राख्न ।
- बालबालिकाको उज्जवल भविष्य निर्माण गर्न ।
- परिवार स्थानीय तहहरुमा बालबालिकाप्रति सम्वेदनशील भई लगानी गर्ने बानीको विकास गर्न ।
- बालबालिकाका इच्छा, चाहना, आवश्यकता, सवाल, समस्या प्रति सरोकारवालालाई जिम्मेवार वनाउन ।
- बालबालिकालाई सुरक्षित रुपमा भविष्य निर्माण गर्ने वातावरण बनाउन ।
- बाल सरोकारको विषयमा बालबालिकाले नेतृत्व लिने अवसर निर्माण गर्न ।
- आफ्नो सरोकारको विषयमा बालबालिकाले बोल्न पाउन र उनीहरुले बोलेका कुराहरु निर्णयकर्तालाई बुझाउन सक्ने अवसरको सिर्जना गर्न ।
- बालबालिकालाई हेला, शोषण, दुर्व्यवहार, बेचबिखन जस्ता जोखिमहरुबाट संरक्षण गर्न ।
- देशका लागि सक्षम नागरिक तयार गर्दै समाजको अग्रगामी विकास गर्न ।
- स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा १२ को -ग) ले तोकेको वडा समितिको काम कर्तब्य कार्यान्वयनमा सघाउ गर्न ।

**संबिधान, ऐन, नियममा बालबालिका सम्बन्धी भएका ब्यवस्थाहरु**

**राष्ट्रिय कानुनी व्यवस्था :**

- नेपालको संविधान, २०७२ भाग ३, मौलिक हक, धारा ३९ बालबालिकाको हक
- बालबालिका सम्बन्धी ऐन २०७५
- बालबालिका सम्बन्धी नियमावली, २०५१
- बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६
- बालश्रम निषेध र नियमित गर्ने नियमावली, २०६२
- बाल न्याय (कार्यविधि) नियमावली, २०६३
- आपतकालीन बालउद्धार कोष (सञ्चालन) नियमावली, २०६७
- अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री व्यवस्थापन विकास समिति (गठन) आदेश, २०६७
- नेपाली बालबालिका विदेशी नागरिकलाई धर्मपुत्र, धर्मपुत्री ग्रहण गर्न दिने सर्त तथा प्रक्रिया, २०६५
- बालबालिका सम्बन्धी राष्ट्रिय नीति, २०६९
- स्थानीय सरकार संचालन ऐन २०७४
- अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९
- राष्ट्रिय परिचयपत्र तथा पंजीकरण ऐन २०७६
- घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६,
- मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४,
- आमाको दूधलाई प्रतिस्थापन गर्ने बस्तु (विक्री वितरण नियन्त्रण) ऐन २०४९
- पन्धौं योजना २०७६।०७७ देखी २०८०।०८१
- दीगो विकास लक्ष्यहरु

**दक्षिण एसियाली क्षेत्रिय कानुनी व्यवस्था :**

- वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि, २००२

- दक्षिण एशियामा बालकल्याण प्रवर्द्धनका लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि, २००२

## संयुक्त राष्ट्र संघ अर्न्तगतको व्यवस्था

- बालअधिकार सम्बन्धी महासन्धि, १९८९ नोभेम्बर २०
- सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरुद्ध बालअधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २०००
- बालबालिकाको बेचविखन, बालवेश्यावृत्ति र अश्लील चित्रण विरुद्ध बालअधिकार सम्बन्धि महासन्धिको ऐच्छिक प्रलेख, २०००
- स्वतन्त्रता बाट वञ्चीत अल्पवयस्कको संरक्षण सम्बन्धि संयूक्त राष्ट्रसंघीय नियमावली
- अल्पवयस्कको न्याय प्रशासनका लागि संयूक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (वेईजिङ नियमावली)
- अल्पवयस्क विज्याँई रोकथामका लागि संयूक्त राष्ट्रसंघीय मार्गदर्शन (रियाद मार्गदर्शन)
- गैर हिरासतीय उपाय सम्बन्धी संयूक्त राष्ट्रसंघीय न्यूनतम मापदण्डको नियमावली (टोकियो नियमावली) व्यक्तिगत) उजुरी प्रक्रिया सम्बन्धी बाल अधिकार महासन्धिको इच्छाधीन आलेख, २०११

## अन्तराष्ट्रिय श्रम सङ्गठन अन्तर्गत व्यवस्था

- अर्न्तराष्ट्रिय श्रम संगठन सम्बन्धी महासन्धिहरु (बालबालिका सम्बन्धी) महासन्धि संख्या, १३८ र १८२
- बालश्रमका निकृष्ट स्वरुप सम्बन्धी महासन्धि, १९९९

### अन्य व्यवस्थाहरु

- संबैधानिक घोषणाहरु जस्तै दलित, महिला, बालबालिकाको हकमा बिशेष प्रावधान सहित सकारात्मक विभेद गर्न सकिने ।

## बालअधिकार र बालबालिकाको अवस्था

### क.बालबचाउको अधिकार

- जन्मन पाउने, गर्भवति महिलाको विशेष स्याहार
- गाँस, बास र कपास
- पौष्टिक आहार र स्वास्थ्य स्याहार
- आमा बाबुको माया ममता
- स्वस्थ वातावरण र प्राथमिक उपचार

### ख) बालसंरक्षणको अधिकार

- जोखिमपूर्ण भेदभाव र कुरितिबाट संरक्षण (गर्भबाटै)
- शारीरिक शोषण, यातना र श्रमबाट सुरक्षित
- कानुनी सुरक्षा र संरक्षण
- आमाबाबुको संरक्षण र निगरानी
- हानीकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण

- लागुपदार्थ तथा नसालुपदार्थबाट संरक्षण
- बेचबिखन, ओसारपसारबाट संरक्षण

## ग) बालविकासको अधिकार

- शिक्षा आर्जन गर्ने
- मनोरन्जन, खेल
- आमाबाबुको समान माया ममता
- उचित स्वास्थ्योपचार
- शारीरिक र मानसिक, भावनात्मक र बौद्धिक
- विकासका लागि आवश्यक सुविधा र अवसरहरु
- उचित मार्गदर्शन र राम्रो वातावरण

## घ) बालसहभागको अधिकारः

- सामाजिक क्रियाकलापमा भागलिन पाउनु पर्ने
- जीवनका हरेक पक्षमा स्वतन्त्रपूर्वक सहभागि हुन पाउनु पर्ने
- रचनात्मक कार्यहरुमा सहभागिता
- जीवनका वारेमा सोच्ने, निर्णय लिने र केही गर्ने अधिकार
- संघ संस्था खोल्न तथा सहभागी हुन पाउने अधिकार
- आस्था अनुसारको धर्ममा संलग्नता
- बालबालिकाको बिचार र भावनाको कदर गरिनु पर्ने

रामधुनी नगरपालिका क्षेत्रभित्र रहेका कूल ४ ओटा स्वास्थ्य चौकीहरु , २ ओटा शहरी स्वास्थ्य किल्निक, आधारभूत स्वास्थय केन्द्र ३ ओटा र कोभिड अस्पताल १ ओटा गरी जम्मा १० ओटा छन । यस्ता संस्थाहरुमा कूल ५८ जना स्वास्थ्य कर्मी कार्यरत रहेको देखिन्छ । नगरपालिकाको स्वास्थ्य संस्था मार्फत खोप सेवा, सुरक्षित मातृत्व सम्बन्धी सेवा, पोषण सम्बन्धी कार्यक्रमहरु लगायत बालबचाउका सूचक सम्बन्धी कार्यकमहरु संचालन हुने गरेको छ । यस नगरपालिका क्षेत्र भित्रमा ९८जना महिला स्वास्थ्य स्व्यंसेविका रहेका छन् ।

पाँच वर्ष मुनिका बालबालिकाको संख्या नगरपालिकामा जम्मा.४४५० रहेको छ । मातृशिशु स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम विगत देखि नै स्वास्थ्य संस्थाहरुद्धारा संचालित हुदै आएको छ, जसको परिणाम स्वरुप विगत २ वर्षदेखि कुनै पनि शिशु मृत्युको घटना घटेको छैन ।

रामधुनी नगरपालिकामा बालबालिकाको बाँच्नपाउने अधिकार संरक्षण र बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ मा उल्लेखित बालबचाउका १० र नगरको १ ओटा गरी ११ओटा सूचक प्राप्तीका लागि नगरपालिकको स्वास्थ्य शाखा र नगरपालिकाका स्वास्थ्य संस्था , स्वास्थ्य तथा सरसफाईको क्षेत्रमा यस नगरपालिकामा कार्यरत विभिन्न संघ संस्था ,समूह संगठनहरुको समन्वयमा आवधिक लगानी योजनाका क्रियाकलाप संचालन भएको छ । बालबचाउका क्षेत्रमा गरिएका क्रियाकलापहरुको विवरण यस प्रकार रहेको छ :

- आमा समुह तथा हजार दिनमा आमाहरुलाई पोषण, तथा सुनौला हजार दिन सम्बन्धी सचेतनामुलक कार्यक्रम
- पूर्णखोप घोषणा, खुल्ला दिसामुक्त क्षेत्र घोषणा
- महिला स्वास्थ्य स्वयंसेविका र स्वास्थ्य संस्थाका कर्मचारीलाई बालमैत्री स्थानीय शासन र बालबचाउका सूचकको विषयमा अभिमुखीकरण
- एच.आइ.भी. सम्बन्धी सचेतना कार्यक्रम
- साबुन पानीले हात धुने र पानी शुद्धिकरण विधि र शौचालयको प्रयोगका विषयमा सचेतनामुलक कार्यक्रम

- सबै वडामा आयोडिन नुनको प्रयोग सम्बन्धी सचेनता कार्यक्रम
- सरसफाई तथा शौचालयको प्रयोग सम्बन्धी सचेतना
- स्वास्थ्य संस्था कर्मचारी, बालमैत्री वडा समिति, बालमैत्री सहजकर्ता, महिला स्वास्थ्य स्वयंसेविकाद्धारा निरन्तर प्रचार प्रसार र अनुगमन
- प्रजनन स्वाश्थ्य शिक्षा अन्तरकृया  वडामा
- प्रजनन स्वाश्थ्य शिविर २ वटा स्थानमा
- पूर्णखोप दिगोपनाका लागि वडा स्तरिय खोप समिति गठन,अभिमुखिकरण
- बिद्यालयमा किशोर किशोरीलाई प्रजनन स्वाश्थ्य शिक्षा
- पूर्णखोप घोषणा दिवस समारोह ,कार्यकम
- बालखोप तथा आमा ,नव शिशुलाई सेवाको पहुचमा ल्याउन अनुगमन
- प्रसुति पश्चात स्वास्थ्य जांचका लागि स्वास्थ्य कर्मी परिचालन
- भिटामिन ए जूकाको औषधि बितरण
- बिद्यालयमा प्रजनन स्वास्थ्य शिक्षा
- स्वस्थ्य आमा समुहको बैठक
- पानीको जाँच कार्यकम

## गर्भवती आमाहरुले गर्भ जाँच गराएको आइरन चक्कि खाएको तथा टीडी खोप लगाएको विवरण

| वडा न | गर्भवति आमा संख्या | चारपटक गर्भपरिक्षण गराएका आमाहरुको संख्या | कहिलेकाही मात्र परिक्षण गराएका आमाहरुको संख्या | गर्भपरिक्षण नगराएको संख्या | २२५ आइरन चक्की खाएकागर्भवती आमाहरुको संख्या | टीडी खोप लगाउने आमाहरुको संख्या |
|---|---|---|---|---|---|---|
| १ | १२९ | ११७ | १२ | ० | १२६ | १२९ |
| २ | २५२ | २३३ | १९ | ० | २४९ | २५२ |
| ३ | २८ | २६ | २ | ० | २५ | २८ |
| ४ | ४६ | ४४ | २ | ० | ४४ | ४५ |
| ५ | ६७ | ६५ | २ | ० | ६५ | ६७ |
| ६ | ८३ | ७९ | ४ | ० | ७९ | ८३ |
| ७ | १०१ | ९५ | ६ | ० | ९८ | १०० |
| ८ | ४९ | ४६ | ३ | ० | ४५ | ४९ |
| ९ | ३८ | ३५ | ३ | ० | ३५ | ३८ |
| **जम्म** | **७९३** | **७४०** | **५३** | **०** | **७६६** | **७९१** |
| **%** | | **९३.३२** | **६.६८** | **०** | **९६.६०** | **९९.७५** |

**स्रोत : कार्यशाला गोष्ठी २०७८ । ०१ । ६, ७ र ८ गते र स्वाश्थ्य शाखा ।**

## दक्ष जनशक्तिबाट सुत्केरी गराउने महिलाहरुको विवरण

| वडा नं. | गर्भवति आमा संख्या | सुत्केरी भएको स्थान | | एच.आइ.भीं संक्रमित आमाबाट जन्मिएका बालबालिका |
|---|---|---|---|---|
| | | स्वास्थ्य संस्थामा | घरमा | |
| १ | ७४ | ७३ | १ | ० |
| २ | १४३ | १४२ | १ | ० |
| ३ | २८ | २७ | १ | ० |
| ४ | ३७ | ३६ | १ | ० |
| ५ | ५५ | ५४ | १ | ० |
| ६ | ८३ | ८१ | २ | ० |
| ७ | १०१ | ९९ | २ | ० |
| ८ | ३७ | ३५ | २ | ० |
| ९ | ६२ | ६० | २ | ० |
| **जम्मा** | **६२०** | **६०७** | **१३** | |

श्रोत : कार्यशाला गोष्ठी २०७८।०१।६, ७ र ८ गते र स्वाश्थ्य शाखा।

## सुत्केरी पश्चातको आमा जाँच र नवशिशु जाँच को अवस्था

| वडा नं. | जम्मा सुत्केरी आमाको संख्या | पहिलो पटक जाँच ( २४ घण्टा भित्र) | दोश्रो पटकको जाँच (३ दिन भित्र) | तेश्रो पटकको जाँच (७ दिन भित्र) |
|---|---|---|---|---|
| १ | ७४ | ७४ | ० | ० |
| २ | १४३ | १४३ | ० | ० |
| ३ | २८ | २८ | २८ | २६ |
| ४ | ३७ | ३७ | १५ | ५ |
| ५ | ५५ | ५५ | ० | ० |
| ६ | ८३ | ८० | ० | ० |
| ७ | १०१ | ९५ | ० | ० |
| ८ | ३७ | ३३ | ७ | १५ |
| ९ | ६२ | ५१ | ३ | १३ |
| **जम्मा** | **६२०** | **५९६** | **५३** | **५९** |

श्रोत : कार्यशाला गोष्ठी २०७८।०१।६, ७ र ८ गते र स्वाश्थ्य शाखा।

## ६ महिनासम्मको शिशुलाई पूर्णस्तनपान गराएको र कुपोषणको प्रभाव मा परेका बालबालिका सम्बन्धी विवरण

**अन्तिम सूचक मापन अनुसार**

| वडा नं. | ६ महिना सम्मका बालबालिका संख्या | ६ महिनासम्म पूर्ण स्तनपान गरेको संख्या | पूर्ण स्तनपान नगरेको बालबालिका संख्या | कुपोषित बालबालिकाको संख्या |
|---|---|---|---|---|
| १ | ७५ | ७१ | ४ | ० |
| २ | १४१ | १४१ | ० | ० |
| ३ | २१७ | २०८ | ९ | ९ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ५४ | ५३ | १ | ० |
| ५ | ५५ | ४७ | ८ | ० |
| ६ | ८५ | ८२ | ३ | ० |
| ७ | ९१ | ८९ | २ | ० |
| ८ | ३७ | ३५ | २ | ० |
| ९ | २५ | २५ | ० | ० |
| **जम्मा** | **७८०** | **७५१** | **२९** | **९** |
| **%** | | ९६.२८ | ३.७२ | १.१५ |

श्रोत : कार्यशाला गोष्ठी २०७८ । ०१ । ६, ७ र ८ गते र स्वाश्थ्य शाखा ।

**१५ देखि २३ महिनाका बालबालिकाले नियमित खोप पाइरहेका छन । २०.........गते पुर्णखोप नगरपालिका घोषणा भइ सकेको छ :**

| वडा नं. | २३ महिना भित्रको बालबालिका संख्या | पूर्णखोप पाएका बालबालिका संख्या |
|---|---|---|
| १ | १०० | १०० |
| २ | १०४ | १०४ |
| ३ | १६८ | १६८ |
| ४ | ७६ | ७६ |
| ५ | ९० | ९० |
| ६ | ८७ | ८७ |
| ७ | ७२ | ७२ |
| ८ | ५४ | ५४ |
| ९ | ६६ | ६६ |
| जम्मा | **८१७** | **८१७** |

स्रोत : स्वाश्थ्य शाखा २०७७ चैत्र

**वडा अनुसार ६ महिना देखी ५ वर्षमुनिका बालबालिकालाई वर्षको २ पटक भिटामिन ए जुकाको औषधी र पोलियो थोपा खुवाएको विवरण**

| क्र.स. | स्वास्थ्य संस्थाको नाम | भिटामिन ए क्यापसूल खाएका बालबालिका | | | जुकाको औषधि खाएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|
| | | ६-१ वर्ष | १-५ वर्ष | जम्मा | १-२ वर्ष | २-५ वर्ष | जम्मा |
| १ | भासि स्वास्थ्य चौकी | ५७ | ५८६ | ६४३ | १७७ | ४६६ | ६४३ |
| २ | भासि स्वास्थ्य चौकी | ८३ | ५८० | ६६३ | १३७ | ५२६ | ६६३ |
| ३ | सिंगिया स्वास्थ्य चौकी | १२४ | ७२७ | ८५१ | २६९ | ५८२ | ८५१ |
| ४ | सिंगिया स्वास्थ्य चौकी | ६३ | ४०३ | ४६६ | १०५ | ३६१ | ४६६ |
| ५ | भासि स्वास्थ्य चौकी | ४४ | ४०६ | ४५० | १०३ | ३४७ | ४५० |
| ६ | बक्लौरी स्वास्थ्य चौकी | ६७ | ५७५ | ६४२ | २०४ | ४३८ | ६४२ |
| ७ | बक्लौरी स्वास्थ्य चौकी | ६४ | ६४१ | ७०५ | १९६ | ५०९ | ७०५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | डुम्राहा स्वास्थ्य चौकी | ३९ | ४१४ | ४५३ | १०९ | ३४४ | ४५३ |
| ९ | डुम्राहा स्वास्थ्य चौकी | ४० | २८० | ३२० | ९८ | २२२ | ३२० |
| जम्मा | | **५८१** | **४६१२** | **५१९३** | **१३९८** | **३७९५** | **५१९३** |
| १ | भासि स्वास्थ्य चौकी | ५७ | ५८६ | ६४३ | १७७ | ४६६ | ६४३ |

स्रोत : स्वास्थ्य शाखा प्रतिवेदन २०७७ चैत्र

**खानेपानी तथा सरसफाई सम्बन्धी विवरण**

| वडा नं. | जम्मा घरधुरी | स्वच्छ खानेपानी सुविधा भएको घरधुरी | साबुन पानीले हात धुने घरधुरी विवरण | शौचालय भएको घरधुरी |
|---|---|---|---|---|
| १ | १७२९ | १७२९ | १६९९ | १७२१ |
| २ | १३६१ | १३६१ | १३५६ | १२९७ |
| ३ | १२७१ | १२७१ | ११५९ | १२४१ |
| ४ | १३८५ | १३८५ | १२७१ | १३०१ |
| ५ | १९१६ | १९१६ | १८७८ | १९१५ |
| | | | | |
| ६ | १५९५ | १५९५ | १५४५ | १५६४ |
| ७ | १८६० | १८६० | १७७२ | १७८८ |
| ८ | १००६ | १००६ | ९५७ | ९६३ |
| ९ | १३५९ | १३५९ | १२८९ | १२७१ |
| **जम्मा** | **१३४८२** | **१३४८२** | **१२९२६** | **१३०६१** |
| **%** | | १०० | ९५.८८ | ९६.८८ |

**आयोडिन युक्त नुनको प्रयोग सम्बन्धी विवरण**

| वडा नं. | आयोडिन युक्त नुन प्रयोग गर्ने घरधुरी | आयोडिन युक्त नुन प्रयोग नगर्ने घरधुरी |
|---|---|---|
| १ | १७२९ | १७२९ |
| २ | १३६१ | १३६१ |
| ३ | १२७१ | १२७१ |
| ४ | १३८५ | १३८५ |
| ५ | १९१६ | १९१६ |
| ६ | १५९५ | १५९५ |
| ७ | १८६० | १८६० |
| ८ | १००६ | १००६ |
| ९ | १३५९ | १३५९ |
| **जम्मा** | **१३४८२** | **१३४८२** |

## बाँच्नपाउने अधिकार सम्बन्धी नगर स्तरिय सूचकहरुको अवस्था

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ मा उल्लेख गरिएका बालबालिकाको बाँच्नपाउने अधिकार सम्बन्धी सूचकहरुको **नगर स्तरिय अन्तिम अवस्था** यस प्रकार रहेको छ :

| **सूचक** | **आधार वर्षको अवस्था % ( २०७६।०७७)** | **हालको अवस्था % २०७७ चैत्र मसान्त सम्म** | **घोषणाको लागी आवश्यक%** | **सुचनाको ब्याख्या** |
|---|---|---|---|---|
| १. ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको | ८७.८८ | ९५.८८ % | ८० | ६ महिना सम्माको ७८१ जना मध्ये ७५१ जनाले पूर्ण स्तनपान गरेको । |
| २. २३ महिना भित्रका बालबालिकाले पूर्णरुपमा खोप पाएको | १०० | १००% | १०० | १५ देखी २३ महिना भित्रका सतप्रतिशत बालबालिकाले पूर्ण खोप ८१७ जनाले पाएको, **पूर्णखोप घोषणा स्मेत** |
| ३.छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको | ९३.२० | १००% | १०० | ६ महिना देखी ५ बर्ष मुनिका सबै जनाले खाएको |
| ४.गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको | ९४.३ | ९७.८८ % | ८० | ७९३ गर्भवती आमा मध्ये ६०७ जनाले स्वास्थ्य संस्थामा सुत्केरी गराएको १३ जना घरमा र बाकीं १७३ जनाको समय नआएको |
| ५.गर्भवती महिलाहरुले कम्तिमा प्रसुति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको | ८९.७४ | ९३.३२ % | ८० | प्रसुति पश्चात ५९६ जनाले पहिलो पटक,.५३ जनाले दोस्रो पटक,र ५९ जनाले तेस्रो पटक र ४ पटक गर्भजाच ७४० ले र कहिले काही.५३.जनाले गर्भजांच गराएको |
| ६.गर्भवती महिलाले टिडी विरुद्धको २ वटा खोप लगाएको | ९६.२३ | ९९.७७ % | ८० | ७९१.जना आमाले टिडि लगाएको |

| सूचक | आधार वर्षको अवस्था % ( २०७६।०७७) | हालको अवस्था % २०७७ चैत्र मसान्त सम्म | घोषणाको लागी आवश्यक% | सुचनाको व्याख्या |
|---|---|---|---|---|
| ७.गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की खाएको | ९३.९३ | ९६.६०% | ८० | ७९३ जना गभर्ववती आमा मध्ये ७६६ जना आमाले २२५ आइरन चक्की खाएको |
| ८.एच्आईभी संक्रमित आमाबाट जन्मिएका बालबालिकालाई ARV Prophylaxis दिएको | १०० | १०० % | १०० | संक्रमित आमा नभएको |
| ९.सबै घरधुरीमा शुद्ध खानेपानीको सुविधा भएको | ९५ | १०० % | १०० | सबै घरधुरी |
| १०.साबुन पानीले हात धुने परिपाटीको विकास भएको | ९२.५० | ९५.८८ % | ८० | १३४८२ घरधुरी मध्ये १२९२६ घरधुरीले धुने गरेको |
| ११.सबै घरधुरीमा आयोडीन युक्त नून प्रयोग गरेको हुनु पर्ने | ९९.५० | १०० | १०० | सबै घरधुरी |

## २.बाल संरक्षण

रामधुनी नगरपालिका बालबालिकाको संरक्षणको क्षेत्रमा बालसंरक्षण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । बालबालिका आमाबाबु तथा आफन्तीकै संरक्षणमा छन्, यस नगरपालिकाका कुनै पनि बालालिका **बालगृहमा नभएको अवस्था छ ।**

५ वर्ष मुनिका सत प्रतिशत बालबालिकाको जन्मदर्ता भएको छ भने **१४ वर्ष मुनिका ५२ जना बालबालिका निकृष्ट श्रममा रहेको अवस्था छ** । बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता हिंसा कम गर्ने र लागुपदार्थ दुर्व्यसनी न्युनीकरण गर्न बाल संरक्षण कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याइएको छ । वडा स्तरमा बालमैत्री समिति, बालअधिकार समिति र बालसमूहहरु बालबालिकाको संरक्षणको सवालमा सक्रिय रहेका छन् । बालविवाहको संख्यामा निकै कमी आएको छ भने बालमैत्री आचारसंहिता पालनाको विषयमा घरपरिवार, समुदाय र बिद्यालय सचेत भएका छन् ।

**बालसंरक्षणको क्षेत्रमा गरिएको मुख्य कार्यहरु :**

- बालसंरक्षण कार्ययोजना तयार गरी कार्यपालिकाबाट स्वीकृत गरिएको
- वडा, नगरपालिका स्तरिय बालअधिकार समिति, बालसमूह,बालसमूह संजाल बालमैत्री वडा समिति, नगरपालिका बालमैत्री समिति लगायतलाई बालसंरक्षण सम्बन्धी अभिमुखीकरण
- वडा, टोल स्तरमा प्रचार प्रसार सहित जन्मदर्ता अभियान संचालन
- बालविवाह न्युनीकरणका लागि बालसमूह, समुदायलाई बालविवाह न्युनीकरण सम्बन्धी अनुशिक्षण कार्यक्रम
- बालविवाह, निकृष्ट बालश्रम , बालदुर्व्यवहार विरुद्धको पर्चा पम्प्लेट,पत्र आदि टाँस,नाटक ¥याली
- बालबिबाह ,बालश्रमको अनुगमन र बालश्रम न्युनीकरणका लागि अनुरोध पत्र वितरण ।

- बालश्रमिकको जीवनस्तर सुधारका लागि घरपरिवारलाई सहयोग ।
- कुलत र दुर्व्यसनीविरुद्ध प्रचार प्रसार र सचेतना कार्यक्रम ।
- बालविवाह नगर्ने नगराउने वारे घर घरमा वडाले पत्र टांस ।
- बालबालिका माथि हुने दुर्व्यवहार न्यूनिकरण ।
- बालबिबाह,बालश्रम सम्बन्धी सूचना वोर्ड जडान ।
- बालमैत्री आचार सहिंता बितरण ,छलफल ।
- वडागत प्रतिबद्धता हस्ताक्षर

**आ.ब. ०७६वैशाख देखी २०७७ चैत्र मसान्त सम्म जन्म दर्ता ।**

| वडा न. | २०७६ वैशाख देखी ०७६ चैत्र सम्म जन्म दर्ता | | | २०७७ वैशाख देखी २०७७ चैत्र सम्म | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा | बालक | बालिका | जम्मा |
| १ | ७६ | ८४ | १६० | ६९ | ८२ | १५१ | १४५ | १६६ | ३११ |
| २ | ३६ | ४३ | ७९ | ४२ | ३८ | ८० | ७८ | ८१ | १५९ |
| ३ | ४१ | ५२ | ९३ | ३९ | ४१ | ८० | ८० | ९३ | १७३ |
| ४ | ३९ | ३६ | ७५ | ४८ | ३८ | ८६ | ८७ | ७४ | १६१ |
| ५ | ४४ | ३५ | ७९ | ५२ | ५८ | ११० | ९६ | ९३ | १८९ |
| ६ | ६३ | ४८ | १११ | ५३ | ६५ | ११८ | ११६ | ११३ | २२९ |
| ७ | ७८ | ८३ | १६१ | ५० | ५५ | १०५ | १२८ | १३८ | २६६ |
| ८ | २४ | २७ | ५१ | २४ | ३१ | ५५ | ४८ | ५८ | १०६ |
| ९ | ३६ | ५४ | ९० | ४४ | ३९ | ८३ | ८० | ९३ | १७३ |
| जम्मा | ४३७ | ४६२ | ८९९ | ४२१ | ४४७ | ८६८ | ८५८ | ९०९ | १७६७ |

## बालविवाह सम्बन्धी बिबरण:

**श्रोत :-घरधुरी सर्बेक्षण**

यस नगरपालिकामा गएको १ बर्षमा भएको जम्मा ५९७ बिबाह गणना छ । २०७५मंसिर २८ गते देखि संचालित बालमैत्री अभियानले स्थानीयमा चेतना को स्तर बड्दै गएको ले यस २०७७श्रावण देखी २०७७ चैत्र मसान्त सम्म भएको कुल विवाह मध्ये २० बर्ष मुनिको १० ओटा मात्र विवाहको घटना घटेको छ । उजुरी ,मेलमिलाप तथा रोकथामका क्रियाकलाप संचालन गरेकोले उक्त २० बर्ष मुनिको विवाहको संख्यामा निकै कमी आएको देखिन्छ ।

| गएको १ वर्षमा | | | |
|---|---|---|---|
| वडा नं | विवाह भएका संख्या | २० वर्षभन्दा कम उमेरमा भएको विवाह (यस आ.ब. भित्र) | प्रतिशत |

| | | | |
|---|---|---|---|
| १ | ६१ | १ | १.६४ |
| २ | ६७ | १ | १.४९ |
| ३ | ५६ | १ | १.७९ |
| ४ | ५९ | १ | १.६९ |
| ५ | ५६ | १ | १.७९ |
| ६ | ७३ | २ | २.७४ |
| ७ | ८१ | १ | १.२३ |
| ८ | ५१ | १ | १.९६ |
| ९ | ९३ | १ | १.०८ |
| **जम्मा** | ५९७ | १० | |
| **%** | | १.६८ | |

## निकृष्ट बालश्रम सम्बन्धी विवरण

सूचक नं ३ : बाल श्रम घटेको हुनु पर्ने

| **वडा नं.** | **जम्मा १४ वर्ष सम्मका** | **निकृष्ट प्रकारको श्रममा लाग्नेको संख्या** | | | **प्रतिशत** |
|---|---|---|---|---|---|
| | | **वलक** | **वलिका** | **जम्मा** | **१०० भनेको 0** |
| १ | २४४ | ७ | ० | ७ | २.८७ |
| २ | २०१ | ४ | | ४ | १.९९ |
| ३ | १३८ | १ | | १ | ०.७२ |
| ४ | २७५ | १ | | १ | ०.३६ |
| ५ | ३४९ | ६ | २ | ८ | २.२९ |
| ६ | २४१ | ३ | | ३ | १.२४ |
| ७ | ४७२ | ९ | १ | १० | २.१२ |
| ८ | १९६ | ११ | १ | १२ | ६.१२ |
| ९ | २१४ | ६ | ० | ६ | २.८० |
| **जम्मा** | २३३० | ४८ | ४ | ५२ | २.२३ |

**श्रोत :-घरधुरी सर्वेक्षण अनुसार** १४ बर्ष मुनिका जम्मा बालबालिका ४६३२ छन । जस मध्ये लगभग १०० जनाको हराहारीमा निकृष्ट बाल श्रममा थिए, पटक पटक बिभिन्न कार्यक्रम, अनुगमन,सूचना ,निगरानी,घरदैलो आदि गर्दा निकृष्ट श्रम घटि हाल ५२ जना बालबालिका निकृष्ट बाल श्रममा रहेको देखिन्छ ।

## रामधुनी नगरपालिका कार्यालयले बालसंरक्षणका लागि कार्यान्वयन गरिरहेको

## बालसंरक्षण कार्ययोजना

| क.स. | समस्या/सवाल | सम्बोधन तथा सुधारका लागि गरिने क्रियाकलापहरु |
|---|---|---|
| १ | बालविवाह | विद्यालय स्तरमा गएर बालविवाह तथा दाइजोप्रथा सम्बन्धी अन्तरक्रिया तथा १,१ घन्टा सत्र संचालन कार्यक्रम गर्ने । |
| २ | | दाइजोप्रथा तथा बालविवाह सम्बन्धी बेलाबेलामा सडक नाटक प्रदर्शन गर्ने । |
| ३ | | किशोर किशोरीहरुलाई शिक्षामा बढी जोड दिने, यसका लागि अतिविपन्न परिवारका बालिकालाई उच्च शिक्षाा अध्ययनका लागि छात्रवृत्ति दिने । |
| ४ | | अभिभावक तथा पण्डित र समुदायका अगुवा व्यक्तिलाई अभिमुखीकरण गर्ने |
| ५ | | टोल,टोलमा कानूनी सचेतना कार्यक्रम संचालन गर्ने । |
| ६ | | बालसञ्जाल तथा ९ वटै वडा र टोल स्तरीय बालसमूहहरुलाई बालविवाह र दाइजो प्रथा सम्बन्धी क्षमता अभिवृद्धि तालिम दिने |
| ७ | | बालविवाह भएको घरमा भोज नखाने तथा सहभागी नहुने भन्ने कुरालाई प्रोत्साहित गर्ने र यस सम्बन्धी सचेनतामुलक क्रियाकलाप गर्ने । |
| ८ | | बालविवाह हुन नदिन घर घरमा सचेतना सूचना पत्र टांस गर्ने |
| ९ | निकृष्ट बालश्रम | सचेतनामुलक कार्यक्रम (घरदैलो कार्यक्रम, अन्तरक्रिया, र्याली, प्रतियोगितात्मक कार्यक्रमहरु आदि) |
| १० | | हाटेल,उद्योग, व्यापारी, अभिभावक आदि बीच अन्तरक्रिया, छलफल कार्यक्रम सञ्चालन र प्रतिबद्धता संकलन |
| ११ | | निकृष्ट श्रमिक बालबालिकाको तथ्याङ्क अद्यावधिक गर्न |
| १२ | | विद्यालय भर्ना हुन नसकेका १४ वर्षमाथिका र १८ वर्षभन्दा मुनिका बालबालिकालाई रोजगारमुलक तालिम |
| १३ | | निकृष्ट बालश्रम र यसको असर, कानूनी व्यवस्था बारे प्रचारप्रसार (पोस्टरिङ, माइकिङ, होडिङ्गबोर्ड, र्याली, सडक नाटक |
| १४ | | निकृष्ट बालश्रमिकका परिवारलाई आयमुलक तथा रोजगारमुलक तालिमको व्यवस्था मिलाउने |
| १५ | | निकृष्ट बालश्रम लगाउने व्यापारी, उद्योगधन्दा र अन्य सबैमा बालश्रमका असर, दण्ड सजाय बारेमा राम्ररी जानकारी गराउने । |
| १६ | | व्यापार व्यवसाय दर्ता तथा नविकरण गर्दा बालश्रममुक्त भएको सुनिश्चित गर्ने कार्यलाई निरन्तरता |
| १६ | हिंसा, दुर्व्यवहार, शारीरिक दण्ड सजाय | घरेलू कसूर सजाय नियमित ऐन २०६६ बमोजिम समुदायमा सचेतना काय्रक्रम गर्ने |
| १७ | | विद्यालयमा गुनासो सुनुवाई समिति गठन र परिचालन (सामुदायिक तथा संस्थागत दुबैमा) गर्ने |

| क.स. | समस्या/सवाल | सम्बोधन तथा सुधारका लागि गरिने क्रियाकलापहरु |
|---|---|---|
| १८ | | अति विपन्न परिवारलाई लक्षित कार्यक्रम (सीपमुलक तालिम दिने र व्यवसाय सञ्चालनका लागि बिउँपूजी व्यवस्थापन) |
| १९ | | अभिभावक, संघसंस्था, बालबालिका तथा विद्यालयमा बालमैत्री आचारसंहिताको व्यापक प्रचार प्रसार तथा पालना |
| २० | | विद्यालय शिक्षक तथा विद्यार्थीहरुसँग नियमित अन्तरक्रिया |
| २१ | | शिक्षकहरुलाई भयरहित शिक्षण सिकाई विधि विषयक तालिम सञ्चालन |
| २२ | | घरेलु हिंसा न्यूनीकरणका लागि अभिभावक तथा बालबालिका बीच अन्तरक्रिया कार्यक्रम सञ्चालन |
| २३ | विद्यालय भर्ना भई नियमित विद्यालय नजानु | १. अभिभावलाई शैक्षिक सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने |
| २४ | | २. बालबालिकालाई विद्यालयमा दिवा खाजाको व्यवस्था गर्ने |
| २५ | | ३. शिक्षक, अभिभावक तथा विद्यार्थी अन्तरक्रिया सञ्चालन गर्ने |
| २६ | | ४. अति वपन्न परिवारका बालबालिका पहिचान गरी छात्रवृत्ति लगायत पोशाक तथा शैक्षिक सामग्रीहरुको वितरण गर्ने गराराउने । |
| २७ | | विद्यालयमा पारिवारिक वातावरण साथै खेल सामग्रीहरु उपलब्ध गराउने । |
| २८ | लागुपदार्थ सेवन तथा दुर्व्यसन | लागू पदार्थ दुर्व्यसनी सम्बन्धी सडक नाटक देखाउने । |
| २९ | | लक्षित टोल र समुदायमा जनचेतनामूलक तालिम तथा अभिमुखीकरण सञ्चालन । |
| ३० | | ठाउँ ठाउँमा दुर्व्यसनी सम्बन्धी होडिङबोड राख्ने । |
| ३१ | | नगरपालिकाले लागू पदार्थ दुर्व्यसन विरुद्धको आचारसंहिता र निर्देशिका बनाई लागू गर्ने र प्रचारप्रसार गर्ने । |
| ३२ | | १८ वर्षमुनिका बालबालिकालाई चुरोट, खैनी बिक्री वितरण गर्ने कार्यमा रोक लगाउने । |
| ३३ | | घरेलु मदिरा जन्य पदार्थको उत्पादन र व्यवसायलाई वैकल्पिक व्यवसाय गर्न उत्प्रेरित गर्ने । |
| ३४ | | लागू पदार्थ दुर्व्यसनीलाई कडाइका साथ नियम पालना गर्ने । |
| ३५ | आकस्मिक अवस्थामा परेका बालबालिका तथा राजनीतिक गतिविधि, बन्द हड्तालमा | जोखिममा पर्न सक्ने वस्ती र समुदाय पहिचान गर्ने र जोखिम नक्साङ्कन गर्ने |
| ३६ | | महिला तथा बालबालिकाका लागि आपत्कालीन कोषको स्थापना र सो कोष सञ्चालन कार्यविधि बनाउने । |
| ३७ | | अल्पकालीन सुरक्षा तथा आश्रय केन्द्र स्थापना गर्ने । |
| ३८ | | बालसंरक्षणका सम्बन्धमा राजनीतिक दलहरुले हस्ताक्षर गरेको बालसंरक्षण आचार संहिताको व्यापक प्रचारप्रसार गर्ने । |

| क.स. | समस्या/सवाल | सम्बोधन तथा सुधारका लागि गरिने क्रियाकलापहरु |
|---|---|---|
| ३९ | बालबालिकाको प्रयोग | विपद्को अवस्था पीडित तथा प्रभावितहरुलाई विषयगत क्षेत्रका (संरक्षण, खानेपानी तथा सरसफाई, स्वास्थ्य, उद्धार र पुनर्स्थापना आदि) आधारमा गरिने सहायता सम्बन्धी नगरपालिकाका विषयगत शाखाहरुका कर्मचारी र मुख्य सरोकारवालाहरुलाई तालिम दिई तयारी अवस्थामा राख्ने । |

**बाल संरक्षण प्रणाली**

रामधुनी नगरपालिकामा नगर बालअधिकार समिति र सबै वडामा वडा स्तरीय बालअधिकार समिति, बिभिन्न महिला सहकारी,निगरानी समूह,युवा क्लवहरु गठन भई क्रियाशील रहेको छ भने प्रहरी कार्यालय, बालमैत्री वडा समिति, बालसमूह, लगायतले बालसंरक्षण प्रणालीको रुपमा आ आफ्नो भुमिका निर्वाह गरिरहेका छन् ,स्थानीय जनपद प्रहरीमा बालबालिका सेवा केन्द्को स्मेत स्थापना ले बालसंरक्षणमा टेवा पुगेको छ ।

## बालसंरक्षणका सूचकहरुको अवस्था

| सूचक | आधार वर्षको अवस्था % ( २०७६। ०७७) | हालको अवस्था% २०७७,चैत्र मसान्त सम्म | घोषणाको लागी आवश्यक% | सुचनाको ब्याख्या |
|---|---|---|---|---|
| १.५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको | ९१.११ | १०० | १०० | १७६७ जना मध्ये सबैको जन्मदर्ता भएको |
| २.बालविवाहको संख्यामा कमी आएको ( **बिगत १ बर्ष,१८ बर्ष मुनि** ) | ९० | ९८.३३ | ८० | २० वर्ष भन्दा कम उमेरमा १० वटा बालविवाह भएका छ |
| ३.निकृष्ट प्रकारको बालश्रम दर घटेको | ९१. ५० | ९७.७७ | ८० | १४ वर्ष मूनिका २३३० बालबालिका रहेकोमा निकृष्ट बालश्रम न्यूनीकरण गर्न बिभिन्न कार्यक्रम ,अभियानले हाल ५२ जना मात्र रहेको |
| ४.घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको | ९२ | ९४ | ८० | छापिएको बाल संरक्षण कार्ययोजना |
| ५.बालसंरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याएको | ९२ | ९३.६६ | ८० | गठन भई सकृय रहेको |

# ३. बाल विकास

**बालशिक्षा सम्बन्धी**

रामधुनी नगरपालिका मा विद्यालय उमेरका ९९.७७ प्रतिशत बालबालिका विद्यालय भर्ना भएका छन् । बालमैत्री नगरपालिका निर्माणको क्रममा अभियान स्वरुप शिक्षा क्षेत्रमा समेत विशेष काम गर्दै यस नगरपालिका भित्रका सम्पूर्ण विद्यालय तथा वडा कार्यालय र सम्बन्धित संघसंस्थाको पहलमा निरन्तर विद्यालय भर्ना अभियान र आवश्यक सचेतनामूलक कार्यक्रम संचालन गरीएको छ । पूर्ण विद्यालय भर्ना भएको छ । यस नगरपालिकामा सामुदायिक र संस्थागत गरी ५२ ओटा विद्यालय रहेका छन् । ३ देखी ४ वर्ष सम्मका ९८.५५ प्रतिशत बालबालिकाहरु बालविकास केन्द्र तथा पूर्व प्रा.वि. तहमा भर्ना भएका छन् । ५ देखि १२ वर्ष उमेरका आधारभूत शिक्षा प्राप्त गरिरहेका छन् ।

रामधुनी नगरपालिकामा ५७ ओटा बालविकास केन्द्र तथा पूर्व प्रा.वि./मोन्टेश्वरी संचालनमा रहेका छन्

**बालविकासको क्षेत्रमा गरिएका कार्यहरु :**

- शिक्षा शाखा, विद्यालयका प्र.अ., वि.व्य.स.अध्यक्ष, शिक्षक अभिभावक संघ अध्यक्ष, बालसमूह पदाधिकारीसंग बालमैत्री स्थानीय शासनको अवधारणा अभिमुखीकरण (बालविकास र सहभागिताका सूचकमा जोड)
- बालबिकास केन्द्रलाइ शैक्षिक सामाग्रि बितरण
- विद्यालयका बालमैत्री सम्पर्क शिक्षक, बालविकास केन्द्रका शिक्षक र लैङ्गिक सम्पर्क शिक्षकलाई बालमैत्री सम्बन्धी अभिमुखीकरण तथा कार्ययोजना
- विद्यालयको बालसमूहलाइ बालमैत्री स्थानीय शासन र बालअधिकार सम्बन्धी अभिमुखीकरण
- विद्यालयले पालना गर्ने बालमैत्री आचारसंहिता, व्यवहार र दण्डरहित शिक्षाको प्रतिवद्धता सहितको आचारसंहिता तयार गरी कार्यान्वयनमा आएको
- विद्यालय भर्ना तथा विद्यालय जान छुटेका बालबालिकालाई विद्यालय पुर्‍याउनका लागि कार्यक्रम संचालन
- विद्यालयमा सेनेटरी प्याड वितरण
- विद्यालयमा बालविकास केन्द्र व्यवस्थापन, र्‍याम निर्माण, छात्रामैत्री शौचालय निर्माण र शुलभ पानीको व्यवस्थापन सहयोग (विद्यालय, वडा कार्यालय, र नगपालिकामा द्धारा संयुक्त)
- प्रतेक विद्यालयमा प्राथमिक उपचार सामाग्री सहितको बाकस राखिएको
- बि.ब्य.स को बैठकमा अनिवार्य आमन्त्रित बालसहभागिता
- बालअधिकार बारे अतिरिक्त क्रियाकलाप संचालन
- विद्यालयको अवस्था वारे स्थलगत संयुक्त अनुगमन

## प्रारम्भिक बालविकास केन्द्र/पूर्व प्रा.वि. मा भर्ना भएका बालबालिका

### वडा अनुसार बालविकास केन्द्र/पूर्व प्रा.वि.मा भर्ना भएका बालबालिका

| वडा नं. | ३ देखी ४ वर्ष उमेरका बालबालिका संख्या | | | प्रारम्भिक बालबिकास केन्द्रमा भर्ना भएका बालबालिका संख्या | | | प्रारम्भिक बालविकास केन्द्रमा भर्ना भएका बालबालिका प्रतिशतमा | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | वालक | वालिका | जम्मा | वालक | वलिका | जम्मा | वालक | वालिका | जम्मा |
| १ | ५९ | ६१ | १२० | ५८ | ६१ | ११९ | ९८.३१ | १०० | ९९.१७ |
| २ | ६२ | ६४ | १२६ | ६२ | ६४ | १२६ | १०० | १०० | १०० |
| ३ | ४९ | ४५ | ९४ | ४७ | ४३ | ९० | ९५.९२ | ९५.५६ | ९५.७४ |
| ४ | ५० | ५७ | १०७ | ५० | ५३ | १०३ | १०० | ९२.९८ | ९६.२६ |
| ५ | ६३ | ६४ | १२७ | ६३ | ६४ | १२७ | १०० | १०० | १०० |
| ६ | ५९ | ६१ | १२० | ५८ | ५७ | ११५ | ९८.३१ | ९३.४४ | ९५.८३ |
| ७ | ७८ | ८१ | १५९ | ७८ | ८१ | १५९ | १०० | १०० | १०० |
| ८ | ४३ | ४६ | ८९ | ४३ | ४६ | ८९ | १०० | १०० | १०० |
| ९ | ६१ | ५९ | १२० | ६१ | ५८ | ११९ | १०० | ९८.३१ | ९९.१७ |
| जम्मा | ५२४ | ५३८ | १०६२ | ५२० | ५२७ | १०४७ | ९९.२४ | ९७.९६ | ९८.५९ |

**श्रोत :-घरधुरी सर्बेक्षण र शिक्षा शाखा**

**रामधुनी नगरपाालिकामा प्रारम्भिक बालबिकास केन्द्धमा भर्ना उमेरका बालबालिका सङ्ख्या १०६२ जना मध्ये १०४७.जना भर्ना भएका छन ।**

## नगर.अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कक्षा १ मा अध्ययनरत बालबालिका

### कक्षा १ मा भर्ना दर

| क्र.सं. | विद्यालय | वडा नं. | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|
| १ | भासी मा.वि., सिनुवारी | १ | ६ | ९ | १५ |
| २ | सरस्वती आ.बि, सैनीमैनी | १ | ८ | ३ | ११ |
| ३ | शिबनगर मा.वि., शिबनगर | २ | ८ | १० | १८ |
| ४ | रामजानकी आ.बि., शिबनगर | २ | १४ | १७ | ३१ |
| ५ | राजेश्वरी आ.बि., सितपुर | २ | ८ | ११ | १९ |
| ६ | शंकर आ.बि., कुम्याही | २ | ६ | ३ | ९ |
| ७ | जनता मा.वि., सिंगिया | ३ | ९ | १२ | २१ |
| ८ | पंचायत मा.बि., पिप्राहा | ३ | ७ | ८ | १५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ९ | जनजागृती आ.बि., पिप्राही | ३ | १६ | १५ | ३१ |
| १० | रामधुनी मा.ब., लालपुर | ४ | ४ | ६ | १० |
| ११ | रामजानकी आ.बि., ईकाही | ४ | १३ | २२ | ३५ |
| १२ | भगवती आ.बि., मानपुर | ४ | ६ | ९ | १५ |
| १३ | वि.पि.स. आ.बि., रामपुर | ४ | ५ | ६ | ११ |
| १४ | रामधुनी आदर्श विद्यालय | ५ | | | ० |
| १५ | आदर्श मा.बि., बक्लौरी | ६ | १४ | १५ | २९ |
| १६ | जन आ.बि., बक्लौरी जमुवा | ६ | ४ | ५ | ९ |
| १७ | पंचायत आ.बि., ईचौल | ६ | १८ | १५ | ३३ |
| १८ | तेह्र बालबालिका आ.बि., बहतर विगहा | ६ | ३४ | ४५ | ७९ |
| १९ | सरस्वती आ.बि., मैनी | ६ | १४ | १५ | २९ |
| २० | पंचायत मा.बि. कुमरखत | ७ | १७ | २० | ३७ |
| २१ | पंचायत मा.वि., चौसठी | ७ | ४ | ३ | ७ |
| २२ | पंचायत आ.बि., बक्लौरी | ७ | ८ | ६ | १४ |
| २३ | ठुलेमोहर आ.बि., डुम्राहा | ८ | ३४ | ३० | ६४ |
| २४ | शेहरा आ.बि., डुम्राहा | ८ | ३ | ९ | १२ |
| २५ | चन्द्रकमल मा.बि., मर्चेया | ९ | २० | १९ | ३९ |
| २६ | शनिश्चरे मा.बि., डुम्राहा | ९ | २० | १५ | ३५ |
| २७ | ईश्लामीनुरी मदर्शा, तित्रिवना | ३ | १८ | ११ | २९ |
| २८ | रामधुनी ई.बो.स्कुल | १ | १३ | ९ | २२ |
| २९ | ब्रिलियन्ट ई.बो. स्कुल | १ | १३ | ११ | २४ |
| ३० | माउण्ट समिट ई.बो.स्कुल | १ | १८ | ११ | २९ |
| ३१ | सरस्वती ई.बो.स्कुल | ३ | ५ | ६ | ११ |
| ३२ | अन्नपुर्ण एकेडेमी | ३ | ६ | ३ | ९ |
| ३३ | नाईन्ट्रङ्गल एकेडेमी | ३ | ० | १ | १ |
| ३४ | लालपुर गार्डेन एकेडेमी | ४ | १२ | ११ | २३ |
| ३५ | यूनिक सागरमाथा एकेडेमी | ५ | १५ | ३३ | ४८ |
| ३६ | लर्डबुद्ध ई. बो. स्कुल | ५ | ० | ० | ० |
| ३७ | लक्ष्मि मेमोरियल ई. बो. स्कुल | ५ | १५ | ८ | २३ |
| ३८ | झुम्का पब्लिक एकेडमी | ५ | ११ | ५ | १६ |
| ३९ | र्‍यापिड लर्निङ्ग ई. बो.स्कुल | ५ | ७ | ४ | ११ |
| ४० | बि.एस.मोडेल ई.बो.स्कुल | ५ | १ | ६ | ७ |
| ४१ | युनिक एकेडेमी ई.बो.स्कुल | ५ | २१ | ९ | ३० |
| ४२ | नमुना सामुदायिक ई.बो.स्कुल | ५ | ९ | १६ | २५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४३ | नव किरण ई. स्कुल | ५ | ३२ | ३७ | ६९ |
| ४४ | एल.एन. मेमोरियल ई.बो.स्कुल (आरम्भ) | ५ | ५ | ३ | ९ |
| ४५ | राईजिङ्ग स्टार ई.बो.स्कुल | ६ | १४ | ३ | १७ |
| ४६ | पंचायन विधामन्दिर | ७ | १५ | ३ | १८ |
| ४७ | अल्पाइन ई.बो.स्कुल | ७ | १८ | १७ | ३५ |
| ४८ | मुनराईज ई.बो.स्कुल | ७ | ९ | १६ | २५ |
| ४९ | सिद्धार्थ शिक्षा सदन | ८ | १० | ३ | १३ |
| ५० | ई.विज्डम ई.बो.स्कुल | ९ | १३ | १० | २३ |
| ५१ | एम.एस.एस्टाण्डर्ड ई.बो.स्कुल | ९ | ७ | ३ | १० |
| ५२ | नभ दीप एकेडेमी से.ई.स्कुल | | **१७** | **१८** | **३५** |
| **जम्मा** | | | **६०४** | **५८६** | **११९०** |

**स्रोत** ::शिक्षा शाखा रामधुनी नगरपालिका

## ५ देखि १२ वर्ष उमेरका बालबालिकाको आधारभूत शिक्षा सम्बन्धी विवरण

| क्र.सं. | विद्यालय | वडा नं. | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|---|
| १ | भासी मा.वि., सिनुवारी | १ | १०८ | ६९ | १७७ |
| २ | सरस्वती आ.बि, सैनीमैनी | १ | ५९ | ५८ | ११७ |
| ३ | शिबनगर मा.वि., शिबनगर | २ | ५१ | ६३ | ११४ |
| ४ | रामजानकी आ.बि., शिबनगर | २ | ३५ | ३६ | ७१ |
| ५ | राजेश्वरी आ.बि., सितपुर | २ | २६ | ११ | ३७ |
| ६ | शंकर आ.बि., कुम्याही | २ | १३ | १६ | २९ |
| ७ | जनता मा.वि., सिंगिया | ३ | २३६ | २५१ | ४८७ |
| ८ | पंचायत मा.बि., पिप्राहा | ३ | ७६ | ५४ | १३० |
| ९ | जनजागृती आ.बि., पिप्राही | ३ | ३५ | २५ | ६० |
| १० | रामधुनी मा.ब., लालपुर | ४ | ११८ | १४६ | २६४ |
